# <u>शान्ति सेना छनौट कार्यविधि, २०७५</u>

**<u>प्रस्तावना</u>** :

शान्ति स्थापना कार्यमा नेपाली सेनाबाट शान्ति सैनिकको रुपमा विश्व शान्ति जस्तो महत्वपूर्ण कार्यमा खटिन पाउनु सकलदर्जाहरुको लागि महत्वपूर्ण एवं सुवर्ण मौका हो । विगत लामो समयदेखि नेपाली सेना विश्वका विभिन्न संकटग्रस्त राष्ट्रहरुमा शान्ति स्थापना कार्यको लागि सहभागी हुँदै आइरहेको छ । हाल विश्व शान्तिको अभियानमा विभिन्न राष्ट्रहरुसँग काँधमा काँध मिलाएर प्रतिस्पर्धी ढंगमा भइरहेको नेपाली सेनाको सहभागिता एक महान कार्यको साथै गौरवको विषय समेत बन्न पुगेको सन्दर्भमा संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति सेनामा सरिक हुने नेपाली सेनाका अधिकृत, पदिक तथा अन्य दर्जाका सैनिक व्यक्ति छनौट कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन "सैनिक सेवा नियमावली, २०६९ को नियम ४८(२) अनुसार रक्षा मन्त्रालयबाट यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद - १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम **"शान्ति सेना छनौट कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **'ऐन'** भन्नाले सैनिक ऐन, २०६३ लाई सम्झनु पर्छ ।

(ख) **'नियमावली'** भन्नाले सैनिक सेवा नियमावली, २०६९ सम्झनु पर्छ ।

(ग) **'एम.एस.ए.'** भन्नाले अब्जर्भर, स्टाफ अधिकृत तथा अन्य नियुक्तिहरुमा शान्ति सेनामा खटिएको बखत संयुक्त राष्ट्र संघीय शान्ति सेना मिशनहरुमा प्राप्त हुने मिशन सब्सिस्टेन्स एलाउन्स (Mission Subsistence Allowance) लाई सम्झनु पर्छ ।

(घ) **"फ्लोटिङ एपोइन्टमेन्ट"** भन्नाले संयुक्त राष्ट्र संघबाट "Floating Appointment" वा "Secondment Appointment" भनी तोकिएर आएको एपोइन्टमेन्टलाई सम्झनु पर्छ ।

(ङ) **'कन्टिन्जेन्ट'** भन्नाले संयुक्त राष्ट्र संघको आव्हानमा विभिन्न राष्ट्रहरुमा शान्ति स्थापनार्थ तैनाथ हुन जाने नेपाली सेनाको गण/गुल्म/टुकडीलाई सम्झनु पर्छ ।

(च) **"कन्टिन्जेन्ट अण्ड इक्वीपमेन्ट (Contingent Owned Equipment)"** भन्नाले शान्ति सेना मिशनमा नेपाली सेनाको आफ्नो स्वामित्वमा रहेका सैनिक तथा गैरसैनिक सरसामानहरुलाई सम्झनु पर्छ ।

(छ) **"नेशनल सपोर्ट टिम (एन.एस.टि.)"** भन्नाले विभिन्न शान्ति सेना मिशनहरुको बन्दोबस्ती व्यवस्थालाई प्रभावकारी बनाउने उद्देश्यले दफा ३४ मा उल्लेख भए बमोजिम मिशनमा खटिई जाने खरिद तथा मर्मत सम्भार समेत गर्नको लागि अधिकार सम्पन्न टोलीलाई सम्झनु पर्छ ।

(ज) **Contingent Commander (CONTICO)/Senior National Officer (SNO)/Senior National Representative (SNR):** शान्ति सेनाका हरेक मिशनहरुमा खटिने फौजहरुमध्ये वरिष्ठ रथीबृन्द वा अधिकृतलाई मिशन हे.क्वा. र शान्ति सेनामा खटिएको बाँकी फौज तथा नेपाली सेनाको जङ्गी अड्डाबीचको समन्वयकारी मुख्य भूमिका निर्वाह गर्ने गरी खटिएका रथीबृन्द/अधिकृतलाई CONTICO वा SNO वा SNR भनी बुझ्नु पर्दछ ।

## परिच्छेद - २

## अधिकृत शान्ति सेना छनौट प्रक्रिया

३. **कन्टिन्जेन्टमा भाग लिने अधिकृतहरुको छनौटः** गणपति, युनिट कमाण्डर, अनाश्रित गुल्मपति, सहायक गणपति र अन्य अधिकृतहरुको छनौटको मापदण्ड र आधार देहाय अनुसार हुनेछ ।

(क) **प्रमुख सेनानी (गणपति) को छनौट**

(क) पेशागत/ORI प्रतियोगितामा प्रथम हुने गणको गणपतिमा प्रतियोगिता सञ्चालन गर्दा कार्यरत गणपतिलाई नै छनौट गर्ने ।

(ख) **अन्य गणहरुको गणपतिको लागि सर्तहरु**

(अ) प्रतिस्पर्धाबाट छनौट गर्ने ।

(आ) कमाण्डमा रहेका प्रमुख सेनानीहरुको हकमा न्यूनतम एक वर्ष कमाण्ड पुरा भएको ।

(इ) कमाण्ड पुरा गरिसकेका प्रमुख सेनानीहरुको हकमा कमाण्ड पुरा भएको दुई वर्ष ननाघेको ।

(ई) कमाण्ड मूल्याङ्कन नेकिबदीहरुमध्ये सबैमा न्यूनतम ७० अंक प्राप्त गरेको र अन्तर्राष्ट्रिय कमाण्डका लागि सिफारिस भएकालाई प्राथमिकता दिने ।

(उ) सैनिक ऐन अनुसार कुनै पनि कसुरमा दोषी नठहरिएको ।

(ऊ) शान्ति सेना मिशनमा एकपटक पनि कमाण्ड गर्ने मौका नपाएको ।

(ए) Medical Category १ र २ भएको तथा BFT परीक्षा उत्तीर्ण भएको ।

(ऐ) कमाण्ड तथा स्टाफ तालिममा न्यूनतम "B" ग्रेडिङ प्राप्त गरेको ।

(ग) प्रतिस्पर्धा छनौटको लागि विधि र प्रक्रिया निर्देशिकामा व्यवस्था भए अनुसार हुनेछ ।

(ख) <u>युनिट कमाण्डरको छनौट</u>

(१) विशेष फौज वाहिनी, कम्ब्याट इन्जिनियर्स, सैनिक प्रहरी, मेकनाइज्ड गुल्म तथा विशेष प्रकृतिको सपोर्ट युनिटहरु (फोर्स सपोर्ट युनिट) जस्ता युनिटका युनिट कमाण्डरको लागि योग्यता र ज्येष्ठताको आधारमा सम्बन्धित निकायले वैकल्पिक सहितको उम्मेदवारको नाम सिफारिस गर्ने ।

(२) विशेष फौज वाहिनी, कम्ब्याट इन्जिनियर्स, सैनिक प्रहरी, मेकनाइज्ड गुल्म तथा अन्य विशेष प्रकृतिको सपोर्ट युनिटहरुको युनिट कमाण्डर छनौट सम्बन्धी निर्देशिका तयार गरी लागू गरिनेछ ।

(३) प्राप्त नामहरुलाई गणपति छनौट बोर्डले अन्तिम सिफारिस गर्नेछ ।

(ग) <u>अनाश्रित गुल्मपतिको छनौट</u>

(१) शान्ति सेनामा तैनाथ हुन जाने अनाश्रित गुल्मका गुल्मपतिको छनौट गर्दा साधारणतया नामाकरण भई जाने गुल्मको गुल्मपति नियुक्तिमा घटिमा ६ महिना कमाण्ड गरेका सोही गुल्ममा कार्यरत गुल्मपतिलाई छनौट गरिनेछ ।

(२) खण्ड (१) बमोजिमको अधिकृत उपलब्ध नभएमा सोही गुल्म कमाण्ड गरेका निकटतम अघिल्लो गुल्मपति (Immediate Ex-Company Commander), सो उपलब्ध नभएमा अन्य अनाश्रित गुल्म कमाण्ड गरिसकेका सेनानीहरुमध्ये कायमी सेवा, शान्ति सेनामा भाग लिएको ज्येष्ठता, कमाण्ड गर्दाको नेकिबदी आदि समेतलाई मूल्याङ्कन गरी बोर्डले सिफारिस गरेको अधिकृतलाई गुल्मपतिमा छनौट गरिनेछ ।

(३) स्पेशल टास्कको लागि खटिने गुल्मको गुल्मपति छनौट गर्नुपर्ने भएमा कमाण्ड तथा स्टाफ कोर्ष गरेका र सम्बन्धित ट्रेड सम्बन्धी विशेष तालिम (Specialization Course) गरेका प्रमुख सेनानीमध्येबाट सम्बन्धित निकाय (महानिर्देशनालय र निर्देशनालय) को सिफारिसमा ज्येष्ठताको आधारमा छनौट गरिनेछ ।

(घ) सैनिक अदालतबाट दोषी ठहरिएका र नसिहत, सचेत पत्र आदि जस्ता सजाय प्राप्त गर्नेहरुलाई गणपति/युनिट कमाण्डर/अनाश्रित गुल्मपति छनौट बोर्डमा समावेश गरिने छैन ।

(ङ) Permantent COE Repair & Maintenance Team को छनौट **"Permantent COE Repair & Maintenance Team को स्थायी कार्यसंचालन विधि, २०७४"** ले व्यवस्था गरे अनुसार हुनेछ ।

(च) **<u>बोर्डको बनावटः</u>** गणपति/गुल्मपति छनौट गर्न देहाय अनुसार बोर्ड गठन गरी बोर्डले सिफारिस गरेको अधिकृतलाई प्रधान सेनापतिज्यूबाट सदर भएपछि छनौट गरिनेछ ।

(१) बलाध्यक्ष रथी.................................................................. अध्यक्ष

(२) कार्यरथी........................................................................ सदस्य

(३) युद्धकार्य महानिर्देशक........................................................ सदस्य

(४) कमाण्डमा रहेका पृतनापति एकजना......................................... सदस्य

(५) कमाण्डमा रहेका सहायक रथी एकजना.................................... सदस्य

(६) प्रधान सेनापतिले तोकेको स्टाफमा रहेका सहायक रथी एकजना.... सदस्य

(७) शान्ति सेना सञ्चालन निर्देशक.............................................. सदस्य

(८) नीति तथा योजना निर्देशक.................................................... सदस्य

(९) सैनिक सचिव....................................................... सदस्य सचिव

(छ) **<u>सहायक गणपतिको छनौटः</u>** पहिला शान्ति सेनामा सहभागी भइसकेका सेनानीहरुमध्ये साधारणतर्फका ज्येष्ठ सेनानीलाई सहायक गणपतिमा छनौट गरिनेछ ।

(ज) **<u>कन्टिन्जेन्ट (गण/गुल्म) मा खटिने अन्य अधिकृतहरुको छनौट</u>**

(१) सेनानीहरु छनौट गर्दा ज्येष्ठता र शान्ति सेनामा कम पटक भाग लिएको आधारमा छनौट गरिनेछ ।

(२) सेनानीहरुको ज्येष्ठता अनुसार हरेक कन्टिन्जेन्टमा कम्तीमा एकजना कमाण्ड तथा स्टाफ कोर्ष पास गरेका सेनानीलाई छनौट गरिनेछ ।

(३) सेवा अवधि तथा उमेरको हदले अवकाश हुने पदिक तथा हुद्दा कमिशन सेनानीहरुलाई अवकाश हुने उमेरको आधारमा प्राथमिकता दिई छनौट गरिनेछ । यसरी छनौट गर्दा एउटा कन्टिन्जेन्टमा बढीमा दुई जनासम्म पदिक तथा हुद्दा कमिशन सेनानीलाई छनौट गरिनेछ । तर विशेष ट्रेडको आवश्यकता अनुसार एकपटक शान्ति सेनामा सहभागी भएका सह सेनानीहरुलाई दोहोऱ्याएर पठाउन सकिनेछ ।

(४) कन्टिन्जेन्टमा खटिने सह सेनानीहरुको छनौट गर्दा एकपटक पनि शान्ति सेनामा सहभागी नभएका सह सेनानीहरुको ज्येष्ठताक्रम अनुसार छनौट गरिनेछ । सह सेनानीहरु उपलब्ध नभएमा मात्र ज्येष्ठताक्रम अनुसार उप सेनानीहरु छनौट गरिनेछ ।

(५) सेवा अवधि तथा उमेरको हदले सेवाबाट अवकाश हुने पदिक तथा हुद्दा कमिशन सह सेनानी र उप सेनानीहरुलाई अवकाश हुने उमेरको आधारमा प्राथमिकता दिई छनौट गरिनेछ । यसरी छनौट गर्दा एउटा कन्टिन्जेन्टमा बढीमा चार जनासम्म पदिक तथा हुद्दा कमिशन सह सेनानी र उप सेनानीहरुलाई छनौट गरिनेछ ।

(६) कम्ब्याट सपोर्ट तथा सर्भिस सपोर्ट (मेडिकल तथा सम्भार से.मु.पति समेत) तर्फका अधिकृतहरु छनौट गर्दा आ-आफ्नो ट्रेडको ज्येष्ठताक्रम अनुसार सम्बन्धित निकाय (विभाग, महानिर्देशनालय, निर्देशनालय र वाहिनी अड्डा) को सिफारिसको आधारमा छनौट गरिनेछ ।

(७) विशेष फौज, कम्ब्याट सपोर्ट तथा कम्ब्याट सर्भिस सपोर्ट युनिटहरुमा Log/Admin/Support Role को नियुक्तिहरुमा साधारणतर्फको सह सेनानीहरु छनौट गरिनेछ ।

(८) साधारण सेवातर्फका महिला अधिकृत छनौट गर्दा ज्येष्ठता र मिशनको आवश्यकता अनुसार छनौट गरिनेछ ।

(९) यातायात से.मु.पति छनौट गर्दा ड्राइभिङ एण्ड मेन्टेनेन्स तालिम प्राप्त सह सेनानी र उप सेनानीहरुमध्येबाट ज्येष्ठताक्रम अनुसार छनौट गरिनेछ ।

(१०) झण्डा जाने गणबाट अनिवार्य रुपमा एकजना स्टाफ अधिकृत छनौट गरिनेछ । उक्त अधिकृत छनौट गर्दा नामाकरण भई जाने गणमा सबैभन्दा लामो समय कार्यरत, सम्भव भएसम्म सोही गण प्यारेण्ट युनिट भएका ज्येष्ठ र एकपटक पनि शान्ति सेनामा सहभागी नभएका सह सेनानी र उप सेनानी दर्जाका अधिकृतहरुमध्येबाट उक्त गणको सिफारिसको आधारमा छनौट गरिनेछ । सोही गणमा लामो समयसम्म कार्यरत रही छनौट हुनु केही समय अघि सरुवा भएमा छनौट गर्न वाधा पर्ने छैन ।

(११) अन्य सेवाहरु (प्राविधिक सेवा, प्राड सेवा, हवाई सेवा तथा विविध सेवा) का अधिकृतहरुलाई छनौट गर्दा बढीमा २ जना अधिकृतहरु सम्बन्धित निकायको सिफारिस बमोजिम समग्र ज्येष्ठताको आधारमा छनौट गरिनेछ । तर मिशनको Mandate तथा Memorandum of Understanding (MOU) मा नै निर्धारण गरिएका संख्याका प्राविधिक तथा अन्य सेवाका अधिकृतहरुलाई सोही बमोजिम छनौट गरिनेछ ।

(१२) लजिष्टिक अधिकृत छनौट गर्दा उपलब्ध भएसम्म Logistic / Supply / प्रबन्ध अधिकृत तालिम गरेका अधिकृतहरुमध्ये ज्येष्ठता र कम अवसर पाएकालाई प्राथमिकता दिने ।

(१३) कुनै अधिकृतले व्यक्तिगत वा अन्य कारणले शान्ति सेनामा जान नपाउँ भनी निवेदन पेश गरेमा त्यस्ता अधिकृतहरुलाई निवेदन पेश गरेको मितिले एक वर्षसम्म कुनै पनि शान्ति सेना मिशनमा छनौट गरिने छैन ।

(१४) मिशनमा छनौट भए पश्चात् मिशनमा जान नपाउँ भनी कुनै अधिकृतले निवेदन पेश गरेमा त्यस्तो अधिकृतलाई निवेदन दिएको एक वर्षपछि सोही वा सोही स्तरको मिशनमा छनौट गरिनेछ तर उक्त मिशन Terminate भएमा उक्त एक वर्षको अवधि पछि जुन मिशन पहिला आउँछ सोही मिशनको लागि छनौट गरिनेछ ।

(झ) **कन्टिन्जेन्ट कमाण्डर/सिनियर नेसनल अफिसर/Senior National Representative छनौटः** कन्टिन्जेन्ट कमाण्डर/सिनियर नेसनल अफिसर/Senior National Representative को छनौट गर्दा मिशनको कार्यलाई प्रभावकारी ढंगबाट सम्पन्न गर्न सक्ने फोर्स हे.क्वा. वा कन्टिन्जेन्टमा कार्यरत साधारणतर्फका ज्येष्ठ अधिकृतलाई छनौट गरिनेछ । कन्टिन्जेन्ट नखटिएको र थोरै Staff Officer/UN Military Observer भएका मिशनहरुमा महा सेनानी वा सोभन्दा माथिको प्राविधिक अधिकृत कार्यरत भएको अवस्थामा निजलाई Senior National Representative को रुपमा खटाउन सकिनेछ ।

४. **MSA -Mission Substantive Allowance) प्राप्त गर्ने स्टाफ अधिकृत/सैनिक पर्यवेक्षक/सम्पर्क अधिकृत छनौटः** सैनिक सेवा नियमावली, २०६९ को नियम ४९ मा उल्लिखित व्यवस्थाको अधीनमा रही सैनिक पर्यवेक्षक र स्टाफ अधिकृतका छनौट प्रक्रिया देहाय अनुसार हुनेछ ।

(क) सैनिक पर्यवेक्षक र स्टाफ अधिकृतको लागि साधारण सेवातर्फका अधिकृतहरु मनोनयन गर्दा आवश्यक योग्यता पुगेकामध्ये कायमी दर्जाको ज्येष्ठताको आधारमा छनौट गरिनेछ ।

(ख) फोर्स हे.क्वा.को महत्वपूर्ण स्टाफ नियुक्तिहरु अपरेशन, इन्टेलिजेन्स र लजिष्टिक Branch/Section Head/Chief को लागि खटिने अधिकृतको लागि ज्येष्ठता, योग्यता र कार्यक्षमताको आधारमा बोर्डले छनौट गर्नेछ । छनौटको लागि UN HQ बाट उल्लेख भई आएको Requirement लाई आधार मानी कार्यदक्षतालाई प्रथामिकता दिई छनौट गरिनेछ ।

(ग) पहिलो पटक सैनिक पर्यवेक्षक र स्टाफ अधिकृतको नियुक्तिमा खटिने अधिकृतहरुको छनौट गर्दा कमाण्ड तथा स्टाफ कोर्ष गरेका अधिकृतहरुमध्येबाट कम्तीमा ६० प्रतिशत र गणपति तालिम/UCSC (Unit Command and Staff Course) गरेका अधिकृतहरुमध्येबाट बढीमा ४० प्रतिशत अधिकृतहरु छनौट गरिनेछ । उक्त ६० र ४० प्रतिशतको आधारमा खटाउँदा सम्बन्धित समूहका संख्या नपुगेमा अर्को समूहबाट योग्यता र ज्येष्ठताको आधारमा छनौट गरिनेछ ।

(घ) सैनिक पर्यवेक्षकको लागि मनोनयन हुन साधारण सेवातर्फका अधिकृतले कमाण्ड तथा स्टाफ कोर्ष वा गणपति तालिम/UCSC (Unit Command and Staff Course) र अन्य सेवा समूहका अधिकृतले गुल्मपति तथा स्टाफ तालिम गरेको हुनुपर्नेछ ।

(ङ) स्टाफ अधिकृत नियुक्तिमा मनोनयनको लागि साधारण सेवाका अधिकृतहरु छनौट गर्दा कमाण्ड तथा स्टाफ कोर्ष गरेका अधिकृतहरुमध्येबाट छनौट गरिनेछ ।

(च) साधारण सेवातर्फका अधिकृतहरुलाई छनौट गर्दा खुल्ला प्रतिस्पर्धाबाट अधिकृत तहमा नियुक्त भएका अधिकृतहरु (Direct Commission Officer) लाई मात्र सैनिक पर्यवेक्षक र स्टाफ अधिकृतमा छनौट गरिनेछ । तर योग्यता र कार्यदक्षताको आधारमा आन्तरिक प्रतिस्पर्धाबाट अधिकृत तहमा नियुक्त भएका अधिकृतहरुमध्येबाट छनौट गर्न वाधा पर्ने छैन ।

(छ) साधारण सेवाको लागि प्राप्त हुने सैनिक पर्यवेक्षकको नफ्रिमा सैनिक प्राविधिक सेवा, सैनिक प्राड सेवा, सैनिक हवाई सेवा र सैनिक विविध सेवा समूहका अधिकृतहरुलाई जम्मा कोटाको ५ (पाँच) प्रतिशत वार्षिक रुपमा नबढ्ने गरी सम्बन्धित विभागको सिफारिसमा समग्र ज्येष्ठता र योग्यताको आधारमा छनौट गरिनेछ ।

(ज) संयुक्त राष्ट्र संघ मुख्यालयबाट नै ट्रेड खुलाई प्राप्त भएको कोटामा छनौट गरिने अधिकृतहरुको हकमा गुल्मपति तथा स्टाफ तालिम गरेको, एकपटक साधारण शान्ति सेनामा भाग लिइसकेको र ट्रेड अनुसारको ज्येष्ठता तथा योग्यताको आधारमा अधिकृतलाई छनौट गरिनेछ ।

(झ) सैनिक पर्यवेक्षक तथा स्टाफ अधिकृतहरुलाई मिशनमा दोहोऱ्याएर खटाउने प्रयोजनको लागि मिशनहरुलाई देहाय अनुसार पाँच समूहमा विभाजन गरिएको छ ।

(१) समूह क - प्रतिदिन MSA अमेरिकी डलर १५० देखि माथि ।

(२) समूह ख - प्रतिदिन MSA अमेरिकी डलर १२५ देखि १४९.९९ सम्म ।

(३) समूह ग - प्रतिदिन MSA अमेरिकी डलर १०० देखि १२४.९९ सम्म ।

(४) समूह घ - प्रतिदिन MSA अमेरिकी डलर ७५.०१ देखि ९९.९९ सम्म ।

(५) समूह ङ - प्रतिदिन MSA अमेरिकी डलर ७५ वा सोभन्दा तल भएका मिशनहरुलाई कन्टिन्जेन्ट सरह मानिने ।

(ञ) सैनिक पर्यवेक्षक तथा स्टाफ अधिकृत नियुक्तिमा दोस्रो पटकको लागि छनौट गर्दा कमाण्ड तथा स्टाफ कोर्ष गरेका अधिकृतहरुमध्येबाट कम्तीमा ८० प्रतिशत र गणपति तालिम गरेका अधिकृतहरुमध्येबाट बढीमा २० प्रतिशत अधिकृतहरुलाई कायमी सेवाको ज्येष्ठता र मिशन ग्रुपिङको आधारमा छनौट गरिनेछ । उक्त ८० र २० प्रतिशतको आधारमा खटाउँदा सम्बन्धित समूहका संख्या नपुगेमा अर्को समूहबाट योग्यता र ज्येष्ठताको आधारमा छनौट गरिनेछ ।

(ट) दोस्रो पटकको लागि छनौट गर्दा Total Incentive Calculate गर्ने Software को विकास गरी लागू गर्ने र सोको व्यवस्था नहुँदासम्मको लागि समूह 'क' मा सहभागी भएकालाई समूह 'घ' मा, समूह 'ख' लाई समूह 'ग' मा, समूह 'ग' लाई समूह 'ख' मा र समूह 'घ' लाई समूह 'क' मा छनौट गरिनेछ । छनौट भएको अधिकृत पदावधि वा उमेरको हदबाट अवकाश हुने भई उल्लिखित समूहको मिशनमा दोहोऱ्याएर सहभागी हुन नपाउने भएमा त्यस्तो अधिकृतलाई अर्को नजिकको समूहमा छनौट गरिनेछ ।

(ठ) अधिकृतले एउटै दर्जामा दोहोऱ्याएर सहभागी गराउनको लागि मिशनबाट फर्कि आएको मितिबाट न्यूनतम तीन वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ ।

(ड) MSA Status Mission मा खटिएका अधिकृतहरु मिशन बीचैमा समाप्त (Mission Termination) भई फिर्ता भएमा वा व्यक्तिगत कारण बाहेक अन्य कारणबाट MSA प्राप्त नगरेको खण्डमा निम्न अनुसार प्राथमिकता दिई छनौट गरिनेछ ।

(१) तीन महिनाभन्दा कम अवधिको लागि एक वर्ष पश्चात् (पहिलो पटककै रुपमा छनौट गरिने) ।

(२) तीन महिनादेखि माथि छ महिनासम्म अवधिको लागि १८ महिना पश्चात् ।

(३) छ महिनादेखि माथि नौ महिनासम्म अवधिको लागि दुई वर्ष पश्चात् ।

(४) नौ महिनादेखि माथि मिशन पुरा भएको मानिनेछ ।

(ढ) संयुक्त राष्ट्र संघको मुख्यालय र अन्य मिशनहरुमा Secondment Basis मा कार्यरत अधिकृतहरुको एक वर्षको अवधिलाई दुईवटा MSA Mission सरह गणना गरिनेछ ।

(ण) सैनिक पर्यवेक्षक र स्टाफ अधिकृतको लागि छनौट भएका अधिकृतलाई वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा तोकिएको अवधिको तालिममा सहभागी गराइनेछ । तालिम पश्चात् अंग्रेजी भाषा, ड्राइभिङ, कम्प्युटर सम्बन्धी परीक्षा तथा बोर्ड अन्तर्वार्ता लिइनेछ । उल्लिखित परीक्षा उत्तीर्ण गरेका अधिकृतहरु सैनिक पर्यवेक्षक र स्टाफ अधिकृतमा छनौट हुनेछन् ।

(त) जुनियर स्टाफ कोर्षमा राम्रो नतिजा ल्याउने अधिकृतहरुलाई समेत MSA Status मिशनहरुमा छनौट गर्न सकिनेछ ।

(थ) Staff Officer/UN Military Observer नियुक्तिहरुमा तत्काल खटिने संख्याको १५ प्रतिशत महिला सहभागिता पुऱ्याउनु पर्ने भएको हुँदा उक्त तथ्यलाई मध्यनजर गरी ज्येष्ठता/कार्यदक्षताको आधारमा महिला अधिकृतहरुलाई प्राथमिकतामा छनौट गर्ने ।

(द) स्टाफ कलेज नगर्ने अधिकृतहरुको हकमा MSA Status मा मिशन छनौटको लागि गणपति/ UCSC तालिम गरेको हुनुपर्नेछ ।

(ध) MSA Status मिशनमा सहभागी हुने अधिकृतहरुको लागि डिप्लोयमेन्ट मिति र ज्येष्ठतालाई आधार मानी छनौट गरिनेछ ।

(न) संयुक्त राष्ट्र संघ मुख्यालयबाट तोकिएर आएको अवस्थामा बाहेक सह सेनानी दर्जालाई MSA Mission मा छनौट गरिने छैन ।

५. **<u>सैनिक सल्लाहकार/फ्लोटिङ एपोइन्टमेन्ट सम्बन्धीः</u>** सैनिक सेवा नियमावली, २०६९ को नियम ५० मा उल्लिखित व्यवस्थालाई आधार मानी सैनिक सल्लाहकार/फ्लोटिङ एपोइन्टमेन्ट छनौट प्रक्रिया देहाय अनुसार हुनेछ ।

(क) संयुक्त राष्ट्र संघबाट नेपाली सेनालाई माग भई आउने सैनिक सल्लाहकार/फ्लोटिङ एपोइन्टमेन्टको नियुक्तिमा नेपाली सेनाका अधिकृतहरुलाई सहभागी गराउनको लागि उपलब्ध भ्याकेन्सीहरुमा तोकिएको दर्जा, कार्यविवरण र योग्यता मुताबिकका इच्छुक अधिकृतहरुको नामावली संकलन गरिनेछ ।

(ख) संकलित नामावलीहरुमध्ये सैनिक सेवा नियमावली, २०६९ को नियम ५० मा उल्लिखित योग्यता पुरा गरेका अधिकृतहरुबाट ज्येष्ठता, योग्यता र कार्यदक्षताको आधारमा सैनिक सल्लाहकार/फ्लोटिङ एपोइन्टमेन्टको नियुक्तिको लागि सिफारिस गरिनेछ ।

(ग) सैनिक सल्लाहकार/फ्लोटिङ एपोइन्टमेन्टको नियुक्तिमा छनौटको लागि सिफारिस गर्न बोर्ड गठन हुनेछ र सोही बोर्डको सिफारिसको आधारमा प्रधान सेनापतिबाट छनौट हुनेछ ।

६. **<u>बोर्डको बनावटः</u>** सैनिक पर्यवेक्षक/स्टाफ अधिकृत/सम्पर्क अधिकृतहरुको छनौट गर्न गठन हुने छनौट बोर्डको बनावट देहाय अनुसार हुनेछ ।

(क) **<u>महा सेनानीसम्म दर्जाको लागि</u>**

(१) बलाध्यक्ष रथी .................................................................. अध्यक्ष

(२) कार्यरथी उपरथी ............................................................. सदस्य

(३) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेका उपरथी एकजना.......... सदस्य

(४) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको सहायक रथी एकजना... सदस्य

(५) स्टाफमा रहेको सहायक रथी एकजना .................................... सदस्य

(६) शान्ति सेना सञ्चालन निर्देशनालयका निर्देशक ......................... सदस्य

(७) सैनिक सचिव ........................................................... सदस्य सचिव

(ख) **<u>सहायक रथी दर्जाको लागि</u>**

(१) बलाध्यक्ष रथी .................................................................. अध्यक्ष

(२) प्रधान सेनापतिले तोकेको उपरथी तीनजना............................... सदस्य

(३) कार्यरथी उपरथी.......................................................... सदस्य सचिव

(ग) <u>उपरथी दर्जाको लागि</u>

(१) ज्येष्ठ रथी ................................................................. अध्यक्ष

(२) बलाधिकृत वा बलाध्यक्ष रथी ............................................. सदस्य

(३) प्रधान सेनापतिले तोकेको उपरथी एकजना............................... सदस्य

(घ) **<u>रथी दर्जाको लागिः</u>** प्रधान सेनापतिबाट छनौट हुने ।

७. **<u>शान्ति सेना छनौटको लागि उमेरको हदः</u>** संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति सेना मिशनमा सहभागी हुन जाने सम्पूर्ण अधिकृतहरुको दर्जा अनुसारको न्यूनतम सेवा अवधि र मिशन समाप्त भए पछि फर्कंदाको उमेर हद देहाय बमोजिम हुनेछ ।

| क्र.सं | दर्जा | न्यूनतम सेवा अवधि | | फर्कंदाको उमेर हद | |
|---|---|---|---|---|---|
| | | साधारण सेवा | प्राविधिक/अन्य सेवा | साधारण सेवा | प्राविधिक/अन्य सेवा |
| १ | उप सेनानी | २ वर्ष | १ वर्ष | ५१ वर्ष | ५५ वर्ष |
| २ | सह सेनानी | ५ वर्ष | २ वर्ष | ५२ वर्ष | ५५ वर्ष |
| ३ | सेनानी | १० वर्ष | ७ वर्ष | ५३ वर्ष | ५५ वर्ष |
| ४ | प्रमुख सेनानी | १५ वर्ष | १३ वर्ष | ५४ वर्ष | ५५ वर्ष |
| ५ | महा सेनानी | २० वर्ष | १७ वर्ष | ५६ वर्ष | ५६ वर्ष |
| ६ | सहायक रथी | २५ वर्ष | - | ५६ वर्ष | ५६ वर्ष |
| ७ | उपरथी | २८ वर्ष | - | ५७ वर्ष | - |
| ८ | रथी | २९ वर्ष | - | ५८ वर्ष | - |

८. श्री सैनिक सचिव विभागले आगामी एक वर्षका लागि विगत एक वर्षको खटनपटनको आधारमा जाने सम्भावित रथीबृन्द तथा अधिकृतहरुको सूची चैत्र महिनामा तयार गर्नुपर्नेछ ।

९. शान्ति सेना छनौटको लागि अन्य व्यवस्थाहरु देहाय अनुसार हुनेछ ।

(क) **<u>शान्ति सेना दोहोऱ्याउने सम्बन्धी व्यवस्थाहरुः</u>** सैनिक पर्यवेक्षक वा स्टाफ अधिकृतमा कार्यरत भएका अधिकृतहरुलाई दुई वर्ष र कन्टिन्जेन्टमा कार्यरत भएका अधिकृतलाई एक वर्षको अन्तरालपछि मात्रै पुनः शान्ति सेनामा भाग लिन छनौट गरिनेछ । तर शान्ति सेनामा जाने त्यस्तो जनशक्ति नभएको अवस्थामा, विशेष ट्रेडका र कमाण्ड तथा

स्टाफ कोर्ष गरेका अधिकृतहरु नै खटाउनु पर्ने विशेष नियुक्तिहरुमा सोही अनुसारका अधिकृतहरु छनौट गर्न वाधा पर्ने छैन ।

(ख) साधारणतया सैनिक पर्यवेक्षक तथा स्टाफ अधिकृतहरुको मिशनको कार्यावधि थप गरिने छैन । तर महत्वपूर्ण नियुक्तिमा रही बुझबुझारथ गर्न वा अन्य कारणले मिशनको कार्यावधि थप गर्नु परेमा एक महिना अगाडि नै फोर्स कमाण्डरको सिफारिस सहित संयुक्त राष्ट्र संघको मुख्यालयबाट माग भई आएमा प्रधान सेनापतिको स्वीकृति पश्चात् बढीमा १४ दिन सम्मको कार्यावधि थप गर्न सकिनेछ ।

(ग) संयुक्त राष्ट्र संघको मुख्यालय र अन्य मिशनहरुमा सेकेण्डमेन्ट बेसिस (फ्लोटिङ नियुक्ति) मा कार्यरत अधिकृतहरुको पहिलो दुई वर्षे कार्यावधि समाप्त भए पश्चात् कार्यावधि थप गरिने छैन ।

(घ) सिनियर एपोइन्टमेन्टहरु (फोर्स कमाण्डर, डिपुटी फोर्स कमाण्डर, चिफ अफ स्टाफ आदि) को नियुक्ति बढीमा दुई वर्षे कार्यावधिको लागि हुनेछ । UN HQ ले पहिलो पटक नियुक्ति दिँदा एक वर्षको लागि मात्र नियुक्ति पत्र दिने गरेको र तत्पश्चात् UN HQ बाट थप गर्न अनुरोध भई आएमा श्री रक्षा मन्त्रालयको स्वीकृति पश्चात् मात्र कार्यावधि थप गर्न सकिनेछ ।

(ङ) मिशनमा कार्यरत रहँदा नै पदावधि थप गर्नुपर्ने अधिकृतलाई छनौट गर्दा निजको व्यक्तिगत विवरण विस्तृत मूल्याङ्कन गरी पदावधि थप्न वाधा नपर्ने देखिएका अधिकृतलाई मात्र छनौट गरिनेछ ।

(च) कुनै अधिकृत मिशनको कार्यावधि पूरा नहुँदै सेवा अवधि वा उमेरको हदले अवकाश हुने भएमा त्यस्ता अधिकृतलाई मनोनयन गरिने छैन ।

## परिच्छेद - ३

## पदिक तथा अन्य दर्जाको छनौट प्रक्रिया

१०. **प्रमुख सुबेदार (प्र.सु.) छनौटः** शान्ति सेना कन्टिन्जेन्टमा खटिई जाने प्रमुख सुबेदारको छनौट देहाय बमोजिम गरिनेछ ।

(क) झण्डा लिई जाने गणको प्र.सु.लाई सोही गणमा सहभागी गराइनेछ ।

(ख) झण्डा लिई जाने गणको प्र.सु. मिशन इलाकामा कार्यरत रहँदा उमेर वा पदावधिको कारणले अवकाश हुने भएमा त्यस्तो प्र.सु.लाई शान्ति सेनामा छनौट गरिने छैन । सोको बदला झण्डा जाने युनिटकै एकपटक पनि शान्ति सेनामा भाग लिन नपाएका अन्य दर्जालाई ज्येष्ठताको आधारमा सहभागी गराइनेछ ।

(ग) प्र.सु.हरु छनौट गर्दा निज शान्ति सेनाबाट फर्कंदा रोटेशनको पहिलो फ्लाइटको मितिबाट अवकाश पाउन घटीमा एक महिना सेवा अवधि बाँकी रहने भएमा मात्र छनौट गरिनेछ ।

(घ) गणको झण्डामा छनौट हुने प्र.सु. बाहेक अन्य प्र.सु.हरुलाई तेस्रो पटक शान्ति सेनामा सहभागी हुन छनौट गरिने छैन ।

११. **अन्य पदिक छनौटः** शान्ति सेना कन्टिन्जेन्टमा खटिई जाने प्रमुख सुबेदार बाहेकका अन्य पदिकहरुको छनौट देहाय बमोजिम गरिनेछ ।

(क) साधारणतर्फका पदिक शान्ति सेनामा सहभागी हुन पहिलो पटकको लागि न्यूनतम सेवा अवधि ११ वर्ष र दोस्रो पटकको लागि २१ वर्ष सेवा अवधि पुगेको हुनुपर्नेछ । तर समान दर्जामा एकपटक पनि शान्ति सेनामा सहभागी हुने मौका नपाएका व्यक्तिहरु हुँदाहुँदै दोहोऱ्याएर पठाइने छैन ।

(ख) पहिलो र दोस्रो पटक शान्ति सेनामा छनौट गर्नको लागि शान्ति सेना सञ्चालन निर्देशनालयले वितरण गरेको नफ्रि अनुसार श्री सैनिक संगठन निर्देशनालयले सेवा अवधि ज्येष्ठताको आधारमा छनौट गर्नेछ ।

(ग) गणलाई वितरण गरिएको नफ्रिमा पदिकको छनौट गर्दा देहाय बमोजिमको बोर्ड गठन गरी छनौट गरिनेछ ।

(१) सहायक गणपति वा ज्येष्ठ सेनानी.............................. अध्यक्ष

(२) गुल्मपतिहरु......................................................... सदस्य

(३) कार्याधिकृत.......................................................... सदस्य

(४) प्रमुख सुबेदार...................................................... सदस्य

(५) कार्य जमदार........................................................ सदस्य

(घ) गुल्मलाई वितरण गरिएको नफ्रिमा पदिकको छनौट गर्दा देहाय बमोजिमको बोर्ड गठन गरी छनौट गरिनेछ ।

(१) सहायक गुल्मपति वा ज्येष्ठ उप सेनानी........................ अध्यक्ष

(२) अधिकृत दुईजना (भएमा उपलब्ध सबै अधिकृत)............ सदस्य

(३) ज्येष्ठ पदिक दुईजना (छनौट नहुने भएमा मात्र)............. सदस्य

१२. **अन्य दर्जा छनौटः** शान्ति सेना कन्टिन्जेन्टमा खटिई जाने अन्य दर्जाका सैनिक व्यक्तिहरुको छनौट गर्दा देहाय बमोजिम छनौट गरिनेछ ।

(क) साधारणतर्फका अन्य दर्जा (हुद्दा, अमल्दार, प्युठ र सिपाही) का सैनिक व्यक्तिहरुलाई शान्ति सेनामा सहभागी हुन पहिलो पटकको लागि न्यूनतम सेवा अवधि ११ वर्ष र दोस्रो पटकको लागि २० वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ । तर समान दर्जामा एकपटक

पनि शान्ति सेनामा सहभागी हुने मौका नपाएका व्यक्तिहरु हुँदाहुँदै दोहोऱ्याएर पठाइने छैन । सेवा अवधि पुगेकामध्येको भर्ना हुँदाको ज्येष्ठताक्रम अनुसार छनौट गरिनेछ ।

(ख) विशेष फौज, कम्ब्याट इन्जिनियर्स, सैनिक प्रहरी र विभिन्न ट्रेडको हकमा पहिलो पटकको लागि न्यूनतम सेवा अवधि ९ (नौ) वर्ष र दोस्रो पटकको लागि १८ (अठार) वर्ष पुगेको हुनुपर्नेछ । सेवा अवधि पुगेकामध्येबाट ज्येष्ठताक्रम अनुसार छनौट गरिनेछ । तर ९ (नौ) वर्ष सेवा अवधि पुग्नेहरुको संख्या नभएमा उचित कारण सहित स्वीकृति लिई सोभन्दा कम सेवा अवधि भएका मध्येबाट ज्येष्ठताको आधारमा छनौट गर्नुपर्नेछ ।

(ग) पृतना रिजर्भ गुल्ममा कार्यरत फौजलाई विशेष फौज सरहको आवश्यक तालिम प्रदान गरी केही प्रतिशत कोटामा शान्ति सेनामा सहभागी गराउने । उक्त प्रतिशत क्रमिक रुपमा वृद्धि गर्दै लैजाने ।

(घ) सबै युनिटहरुले शान्ति सेना जान आवश्यक योग्यता पुगेका र एकपटक पनि शान्ति सेनामा भाग नलिएकाहरुको ज्येष्ठताक्रम अनुसार सूची तयार गर्नुपर्नेछ । सम्बन्धित युनिटहरुले शान्ति सेनामा सहभागी गराउनको लागि प्राप्त भएको नफ्रिमा योग्यता पुगेकामध्ये सोही सूचीको ज्येष्ठताको आधारमा छनौट गरी शान्ति सेना सञ्चालन निर्देशनालयमा पठाउनु पर्नेछ । शान्ति सेना सञ्चालन निर्देशनालयले आउदो एक आर्थिक वर्ष भित्रमा शान्ति सेनामा खटिई जान सक्ने सम्भावित सैनिक व्यक्तिको शान्ति सेनामा जाने जेष्ठता प्रयोजनका लागि सूचि तयार गर्नुपर्ने छ र सो सूचिको एक प्रति हरेक आर्थिक वर्षको श्रावण मसान्त भित्र मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

(ङ) शान्ति सेनामा कन्टिन्जेन्ट, स्टाफ अफिसर्स, सैनिक पर्यवेक्षक, सैनिक सल्लाहकारका रुपमा सैनिक खटाउंदा तथा वैदेशिक तालिमको लागि चयन गर्दा अवलम्वन गर्नुपर्ने आधार र मापदण्डका विषयमा सुझाव दिन र छनौट प्रक्रियाको अनुगमन तथा मूल्याङ्कन गर्न मन्त्रालयमा निम्न बमोजिमको एक समिति रहने छ । यस समितिको सिफारिस समेतका आधारमा मन्त्रालयले नेपाली सेनालाई आवश्यक निर्देशन दिन सक्ने छ ।

मन्त्रालयले तोकेको सहसचिव, रक्षा मन्त्रालय — संयोजक

सहायक रथी, व्यवस्था, नीति तथा योजना महानिर्देशानालय, नेपाली सेना— सदस्य

शाखा प्रमुख, शान्ति सेना समन्वय तथा अन्तराष्ट्रिय सम्बन्ध शाखा, रक्षा मन्त्रालय— सदस्य सचिव

(च) नेपाली सेनामा सम्पूर्ण इकाईहरुले आगामी एक वर्षभित्र शान्ति सेना छनौट हुन सक्ने सम्भावित बिल्लादार तथा अन्य दर्जा (फलोअर्स बाहेक) को नाम भर्ना मिति र शान्ति सेनामा सहभागी भएको मिति, पटक उल्लेख भएको विवरण हरेक वर्षको चैत्र मसान्तभित्र श्री शान्ति सेना सञ्चालन निर्देशनालयमा पठाउनु पर्नेछ । उक्त सूची पठाउँदा एकपटक पनि शान्ति सेनामा भाग नलिएका र ११ (एघार) वर्ष सेवा अवधि पुरा भएका सबै बिल्लादार र अन्य दर्जाको नाम समेत सोही फर्म्याटमा पठाउनु पर्नेछ ।

(छ) गणलाई वितरण गरिएको नक्रिमा अन्य दर्जाको छनौट गर्न देहाय बमोजिमको बोर्ड रहनेछ ।

(१) सहायक गणपति वा ज्येष्ठ सेनानी............................... अध्यक्ष

(२) गुल्मपतिहरु....................................................... सदस्य

(३) कार्याधिकृत......................................................... सदस्य

(४) प्रमुख सुबेदार..................................................... सदस्य

(५) कार्य जमदार....................................................... सदस्य

(६) गण कार्य हुद्दा..................................................... सदस्य

(ज) गुल्मलाई वितरण गरिएको नक्रिमा अन्य दर्जाको छनौट गर्न देहाय बमोजिमको बोर्ड रहनेछ ।

(१) सहायक गुल्मपति वा ज्येष्ठ उप सेनानी........................ अध्यक्ष

(२) अधिकृत दुईजना (भएमा उपलब्ध सबै अधिकृत)............ सदस्य

(३) ज्येष्ठ पदिक दुईजना................................................ सदस्य

(४) गुल्म कार्य हुद्दा..................................................... सदस्य

(झ) व्यक्तिको कार्य दक्षता, कार्य कुशलता, इमान्दारी, नैतिकता, बफादारी, संस्था र राष्ट्रप्रतिको योगदान समेतलाई मध्यनजर राखी छनौट गर्नको लागि नेपाली सेनाले निर्देशिका लागु गर्न सक्ने छ।

१३. <u>**फलोअर्स छनौटः**</u> शान्ति सेनाको लागि फलोअर्स छनौट गर्दा शान्ति सेना सञ्चालन निर्देशनालयले वितरण गरेको नक्रि अनुसार ११ वर्ष सेवा अवधि पुगेकामध्ये ज्येष्ठताको आधारमा श्री सैनिक संगठन निर्देशनालयबाट छनौट गरिनेछ ।

१४. <u>**सैनिक कर्मचारी छनौटः**</u> सैनिक कर्मचारी शान्ति सेनामा छनौट गर्नको लागि श्री सैनिक संगठन निर्देशनालयलाई शान्ति सेना सञ्चालन निर्देशनालयले एकमुष्ट नक्रि वितरण गर्नेछ । श्री सैनिक संगठन निर्देशनालयले निम्न अनुसारको बोर्ड गठन गरी शान्ति सेना सञ्चालन निर्देशनालयबाट प्राप्त नक्रि विवरण बमोजिम एकपटक पनि शान्ति सेना जाने अवसर नपाएका, न्यूनतम चार वर्ष उपत्यका बाहिर हाजिर भई कार्य गरेका योग्य कर्मचारीहरुमध्येबाट सेवा अवधि ज्येष्ठताको आधारमा छनौट गर्नेछ ।

(क) श्री सैनिक संगठन निर्देशनालयका निर्देशक.............................. अध्यक्ष

(ख) श्री शान्ति सेना सञ्चालन निर्देशनालयका सह निर्देशक............... सदस्य

(ग) श्री सैनिक अभिलेखालयका अधिकृत प्रतिनिधि.......................... सदस्य

(घ) श्री कार्यरथीको कार्यालयले तोकेको अधिकृत प्रतिनिधि................ सदस्य

(ङ) श्री सैनिक संगठन निर्देशनालयका प्रमुख सेनानी............ सदस्य सचिव

१५. **<u>पण्डित छनौटः</u>** पण्डित छनौट गर्न श्री सैनिक संगठन निर्देशनालयलाई शान्ति सेना सञ्चालन निर्देशनालयले एकमुष्ट नफ्रि वितरण गर्नेछ श्री सैनिक संगठन निर्देशनालयले निम्न अनुसारको बोर्ड गठन गरी शान्ति सेना सञ्चालन निर्देशनालयबाट प्राप्त नफ्रि विवरण बमोजिम छनौट गर्नेछ ।

(क) श्री सैनिक संगठन निर्देशनालयका निर्देशक.............................. अध्यक्ष

(ख) श्री शान्ति सेना सञ्चालन निर्देशनालयका सह निर्देशक.............. सदस्य

(ग) श्री सैनिक अभिलेखालयका अधिकृत प्रतिनिधि.......................... सदस्य

(घ) श्री कार्यरथीको कार्यालयले तोकेको अधिकृत प्रतिनिधि.............. सदस्य

(ङ) श्री सैनिक संगठन निर्देशनालयका प्रमुख सेनानी................ सदस्य सचिव

१६. **<u>एम.एस.ए. प्राप्त गर्ने विभिन्न नियुक्तिमा सहभागी हुन जाने पदिक (साधारण/प्राविधिक/प्राड/ सैनिक कर्मचारी) तथा हुद्दा कर्मचारीहरुलाई सहभागी गराउने सम्बन्धमा</u>**

(क) MSA Status को छनौट परीक्षामा सहभागी हुन न्यूनतम सेवा अवधि ११ वर्ष पुरा भएको हुनुपर्ने ।

(ख) छनौट परीक्षामा सहभागी हुन आउने पदिक तथा बिल्लादारलाई सम्बन्धित पतिबाट उम्मेदवारको लागि सिफारिस भएको हुनुपर्ने ।

(ग) MSA Status मा सहभागी हुने सैनिक कर्मचारीहरु न्यूनतम चार वर्ष उपत्यका बाहिर हाजिर भई कार्य गरेको हुनुपर्ने ।

(घ) MSA Status मा एक कार्यकाल पुरा गरेका तर शान्ति सेना कन्टिन्जेन्ट मिशनमा एकपटक पनि भाग नलिएका पदिक/हुद्दा कर्मचारीहरुलाई न्यूनतम सेवा अवधि २५ वर्ष पुरा भए पश्चात् मात्र आफ्नो मर्यादाक्रममा छनौट गरी शान्ति सेनामा सहभागी गराउने ।

(ङ) तेस्रो पटकसम्म शान्ति सेनामा सहभागी भइसकेका पदिक/हुद्दा कर्मचारीहरुलाई MSA Status को छनौट परीक्षामा सरिक (न) नगराउने ।

(च) शारीरिक तन्दुरुस्ती परीक्षा (बि.एफ.टि.) मा उत्तीर्ण हुने परीक्षार्थीहरुलाई मात्र अन्य छनौट परीक्षामा सहभागी गराउने ।

(छ) स्वास्थ्य वर्गीकरण Medical Category १ र २ वा सोभन्दा कम भएका योग्य व्यक्तिहरुलाई मात्र परीक्षामा समावेश गर्ने र आवश्यकता महसुस भएमा छनौट परीक्षामा समावेश उम्मेदवारहरुको पुनः परीक्षण गर्ने ।

(ज) शान्ति सेना मिशनमा एम.एस.ए. प्राप्त गर्ने नियुक्तिमा सहभागी हुन जाने सैनिक कर्मचारी/सैनिक साधारण सेवातर्फका पदिक/प्राविधिक पदिक/प्राड पदिक छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको बोर्ड रहनेछ । उक्त बोर्डले शारीरिक तन्दुरुस्ती, कम्प्युटर दक्षता, ड्राइभिङ, लिखित परीक्षा र अन्तर्वार्ता लिई छनौट भएका

उम्मेदवारहरुको नाम सिफारिस गरी कार्यरथी र बलाध्यक्षबाट समर्थन भए पश्चात् त्यस्ता सैनिक कर्मचारी तथा पदिकहरु एम.एस.ए. प्राप्त गर्ने नियुक्तिमा सहभागी हुन छनौट हुनेछन् । तर एकपटक MSA प्राप्त गरिसकेकाहरुलाई छनौटमा समावेश गरिने छैन ।

(१) श्री सैनिक संगठन निर्देशनालयका निर्देशक............................ अध्यक्ष

(२) श्री शान्ति सेना सञ्चालन निर्देशनालयका सह निर्देशक.............. सदस्य

(३) श्री आपूर्ति तथा परिवहन निर्देशनालयका (म.से./प्र.से.)............. सदस्य

(४) श्री अ.र.बि.नि. (सूचना तथा प्रविधि महाशाखा) का प्र.से./सेनानी... सदस्य

(५) श्री सैनिक संगठन निर्देशनालयका प्रमुख सेनानी............... सदस्य सचिव

१७. **ड्राइभर छनौटः** शान्ति सेनामा सहभागी हुने ड्राइभर छनौट देहाय बमोजिम गरिनेछ ।

(क) शान्ति सेना सञ्चालन निर्देशनालयले एक वर्षमा सम्पूर्ण मिशनको लागि आवश्यक पर्ने ड्राइभर (लाइट, हेभी, ए.पि.सि. तथा एम.पि.भि.) को संख्या यकिन गरी आवश्यक संख्याभन्दा दोब्बर संख्यामा श्री सैनिक संगठन निर्देशनालय मार्फत नक्रि वितरण गरी छनौट परीक्षाको लागि सम्बन्धित निर्देशनालयमा एकत्रित गरी परीक्षाद्वारा छनौट गरिनेछ ।

(ख) ड्राइभर (लाइट तथा हेभी) छनौट परीक्षामा सहभागी गराउँदा सम्भव भएसम्म एकपटक पनि शान्ति सेनामा भाग नलिएका ड्राइभरहरुलाई प्राथमिकता दिइनेछ । ड्राइभर छनौट गर्नको लागि देहाय अनुसारको बोर्ड रहनेछ ।

(१) श्री आपूर्ति तथा परिवहन निर्देशनालयका निर्देशक.................... अध्यक्ष

(२) श्री शान्ति सेना सञ्चालन निर्देशनालयका सह निर्देशक............. सदस्य

(३) श्री आपूर्ति तथा परिवहन गणका गणपति.............................. सदस्य

(४) श्री सैनिक संगठन निर्देशनालयका प्रमुख सेनानी...................... सदस्य

(५) श्री आपूर्ति तथा परिवहन निर्देशनालयका प्रमुख सेनानी...... सदस्य सचिव

(ग) ड्राइभर (ए.पि.सि. तथा एम.पि.भि.) छनौट परीक्षामा सहभागी गराउँदा सम्भव भएसम्म एकपटक पनि शान्ति सेनामा भाग नलिएका ड्राइभरहरुलाई प्राथमिकता दिइनेछ । ड्राइभर छनौट गर्नको लागि देहाय अनुसारको बोर्ड रहनेछ ।

(१) श्री नं.१७ वाहिनी अड्डाका वाहिनीपति................................... अध्यक्ष

(२) श्री शान्ति सेना सञ्चालन निर्देशनालयका सह निर्देशक.............. सदस्य

(३) श्री युद्धकवच गणका गणपति............................................ सदस्य

(४) श्री सैनिक संगठन निर्देशनालयका प्रमुख सेनानी....................... सदस्य

(५) श्री आपूर्ति तथा परिवहन निर्देशालयका प्रमुख सेनानी.......... सदस्य सचिव

(घ) ड्राइभर छनौट बोर्डले परीक्षामा उत्तीर्ण भएका ड्राइभरहरुको (लाइट, हेभी, ए.पि.सि. तथा एम.पि.भि.) ज्येष्ठता सूची (शान्ति सेना सहभागी भएका र नभएकाको छुट्टाछुट्टै) शान्ति सेना सञ्चालन निर्देशनालयमा पठाउनेछ ।

(ङ) शान्ति सेना सञ्चालन निर्देशनालयले ज्येष्ठता र परीक्षाको मर्यादाक्रमलाई ध्यानमा राखी सन्तुलित तरिकाले क्रमशः मिशनहरुमा सहभागी गराउनेछ ।

(च) ए.पि.सि. र एम.पि.भि.को ड्राइभरमा खटाउन सकिने तर सोको प्रमाणपत्र नभएका साधारण ड्राइभरहरुलाई समेत मिशनको आवश्यकता अनुसार आपूर्ति तथा परिवहन निर्देशनालयले सञ्चालन गर्ने व्यावहारिक परीक्षामा सहभागी गराई उत्तीर्ण हुनेहरुलाई प्रमाणपत्र दिई शान्ति सेनामा छनौट गर्ने ।

(छ) <u>तेस्रो पटक हेभी ड्राइभर छनौट</u>

(१) हेभी ड्राइभर तेस्रो पटक शान्ति सेना छनौट परीक्षामा सहभागी हुनको लागि सेवा अवधि १८ वर्ष हुनुपर्ने ।

(क) तेस्रो पटक शान्ति सेनामा सहभागी हुने हेभी ड्राइभरहरु पहिला एकपटक लाइट/हेभी ड्राइभरको कोटामा छनौट भई शान्ति सेनामा सहभागी भइसकेको हुनुपर्दछ ।

(ख) परीक्षामा सहभागी भई आउने ड्राइभरहरुले घटीमा ३ (तीन) वर्ष हेभी सवारी साधन चलाएको हुनुपर्दछ ।

(ज) <u>तेस्रो पटक ए.पि.सि./एम.पि.भि. ड्राइभर छनौट</u>

(१) ए.पि.सि./एम.पि.भि. ड्राइभर तेस्रो पटक शान्ति सेना छनौट परीक्षामा सहभागी हुनको लागि सेवा अवधि कम्तीमा १६ वर्ष हुनुपर्ने ।

(२) तेस्रो पटक शान्ति सेनामा सहभागी हुन पहिला एकपटक ए.पि.सि./एम.पि.भि. ड्राइभरको कोटामा छनौट भई शान्ति सेनामा सहभागी भइसकेको हुनुपर्दछ ।

(झ) <u>चौंथो पटक ए.पि.सि./एम.पि.भि. ड्राइभर छनौट</u>

(१) ए.पि.सि./एम.पि.भि. ड्राइभरहरु कमी भएको खण्डमा चौंथो पटक २० वर्ष सेवा अवधि पुगेका ड्राइभरहरुलाई छनौट गर्न सकिनेछ ।

(२) चौंथो पटक शान्ति सेनामा सहभागी हुन दोस्रो तथा तेस्रो पटक शान्ति सेनामा सहभागी हुँदा ए.पि.सि./एम.पि.भि. ड्राइभरको कोटामा छनौट भई शान्ति सेनामा सहभागी भइसकेको हुनुपर्दछ ।

१८. <u>सैनिक प्रहरी छनौटः</u> शान्ति सेनामा खटिने सैनिक प्रहरी छनौट देहाय बमोजिम गरिनेछ ।

(क) सैनिक प्रहरी कार्यको लागि सैनिक प्रहरी तालिम गरेका योग्य व्यक्तिहरुको छनौट गर्न देहाय अनुसारको बोर्ड रहनेछ । उक्त बोर्डले परीक्षा सञ्चालन गरी छनौट भएका व्यक्तिहरुको ज्येष्ठता सूची शान्ति सेना सञ्चालन निर्देशनालयमा पठाउनेछ ।

(१) श्री सैनिक संगठन निर्देशनालयका निर्देशक............................ अध्यक्ष

(२) श्री शान्ति सेना सञ्चालन निर्देशनालयका सह निर्देशक............. सदस्य

(३) श्री कार्यरथीबाट तोकिएको प्रमुख सेनानी.............................. सदस्य

(४) श्री सेना प्राड विवाकका अधिकृत प्रतिनिधि............................ सदस्य

(५) श्री सैनिक प्रहरी गणको गणपति.................................. सदस्य सचिव

(ख) शान्ति सेना सञ्चालन निर्देशनालयले प्राप्त भएको ज्येष्ठता सूचीको आधारमा सैनिक प्रहरीहरुलाई क्रमशः शान्ति सेना मिशनहरुमा सहभागी गराइनेछ ।

१९. <u>प्रा.सु. (सैनिक उपचारिका) छनौट</u>

(क) शान्ति सेना कन्टिन्जेन्टमा प्रा.सु. (सैनिक उपचारिका) हरुको छनौट गर्दा कम्तीमा दुई वर्ष सेवा अवधि पुरा भएका प्रा.सु. (सैनिक उपचारिका) मध्येबाट ज्येष्ठताक्रम अनुसार छनौट गरिनेछ ।

(ख) प्रा.सु. (सैनिक उपचारिका) छनौट गर्दा एकपटक पनि शान्ति सेनामा जाने अवसर नपाएकाहरुलाई प्राथमिकता दिइनेछ ।

(ग) सम्बन्धित कन्टिन्जेन्टको लागि स्वीकृत नफ्रिमा प्रा.सु. (सैनिक उपचारिका) छनौट गर्न देहाय बमोजिमको बोर्ड रहनेछ ।

(१) श्री सैनिक स्वास्थ्य महानिर्देशनालयका सह महानिर्देशक............... अध्यक्ष

(२) श्री वीरेन्द्र अस्पतालका कमाण्डाण्ट वा निजले तोकेको
अधिकृत प्रतिनिधि............................................................ सदस्य

(३) श्री वीरेन्द्र अस्पतालका मेट्रोन वा निजले तोकेको अधिकृत प्रतिनिधि.. सदस्य

२०. <u>कम्प्युटर प्राविधिक पदिक तथा बिल्लादार छनौट</u>

(क) ५०० नफ्रिभन्दा बढी कन्टिन्जेन्टमा आवश्यकता अनुसार कम्प्युटर प्राविधिकको कार्य गर्न श्री सूचना तथा प्रविधि महाशाखाबाट कम्प्युटर प्राविधिक छनौट गरी पठाइनेछ ।

(ख) छनौट गर्दा हार्डवेयर मेन्टेनेन्स र सफ्टवेयर इन्स्टलेसन गर्न सक्ने कम्तीमा ६ (छ) वर्ष सेवा अवधि पुगेका दक्ष प्राविधिकहरुमध्येबाट देहाय बमोजिमको बोर्डले छनौट गर्नेछ ।

(१) श्री अनुसन्धान तथा विस्तार निर्देशक.................................. अध्यक्ष

(२) श्री सूचना तथा प्रविधि महाशाखाको पति.............................. सदस्य

(३) श्री अ.र.वि.नि.को अधिकृत प्रतिनिधि.................................... सदस्य

(४) श्री सूचना तथा प्रविधि महाशाखाको अधिकृत प्रतिनिधि............... सदस्य

(५) श्री सैनिक संगठन निर्देशनालयको अधिकृत प्रतिनिधि........... सदस्य सचिव

(ग) कन्टिन्जेन्टमा थप आवश्यक पर्ने कम्प्युटर प्राविधिक अन्य युनिटहरुबाट योग्यता पुगेका व्यक्तिहरुलाई श्री सैनिक संगठन निर्देशनालयले एकत्रित गर्नेछ र निम्न अनुसारको बोर्डले परीक्षा लिई उत्तीर्ण भएकाहरुको ज्येष्ठता सूची शान्ति सेना सञ्चालन निर्देशनालयमा पठाउनेछ । शान्ति सेना सञ्चालन निर्देशनालयले आवश्यकता अनुसार मिशनमा छनौट गर्नेछ ।

(१) श्री सैनिक संगठन निर्देशालयलको प्रमुख सेनानी....................... अध्यक्ष

(२) श्री शान्ति सेना सञ्चालन निर्देशनालयको अधिकृत प्रतिनिधि......... सदस्य

(३) श्री कम्प्युटर महाशाखाको अधिकृत प्रतिनिधि.................... सदस्य सचिव

## २१. विशेष ट्रेडको प्राविधिक छनौट

(क) शान्ति सेना कन्टिन्जेन्टमा खटिई जाने विशेष ट्रेडका प्राविधिक (पदिकदेखि सिपाहीसम्म) सैनिक व्यक्तिहरुलाई छनौट गर्दा ज्येष्ठताको आधारमा छनौट गरिनेछ । यसरी छनौट गर्दा योग्यता पुगेका एकपटक पनि शान्ति सेना जाने अवसर नपाएका व्यक्तिलाई प्राथमिकता दिइनेछ । तर त्यस्ता प्राविधिक तथा विशेष ट्रेडका व्यक्तिहरु शान्ति सेना जान बाँकी नभएमा दोहोऱ्याएर छनौट गर्न सकिनेछ ।

(ख) प्राविधिक तथा विशेष ट्रेडका प्राविधिकलाई छनौट गर्न देहाय बमोजिमको बोर्ड रहनेछ ।

(१) सम्बन्धित निर्देशनालय/वाहिनीले तोकेको ज्येष्ठ अधिकृत............ अध्यक्ष

(२) सम्बन्धित युनिटपतिले तोकेको ट्रेडको विशेषज्ञ अधिकृत............. सदस्य

(३) सम्बन्धित युनिटपतिले तोकेको ट्रेडको विशेषज्ञ पदिक............... सदस्य

## २२. विविध सेवा (ग्यारिजन) का अधिकृत, पदिक तथा अन्य दर्जा छनौट

(क) ग्यारिजन सेवामा साधारण तर्फबाट सरुवा तथा सरुवा बढुवा भई जाने पदिक तथा अन्य दर्जाहरुमध्येबाट एकपटक पनि शान्ति सेनामा सहभागी नभएकालाई सम्बन्धित दर्जाको उमेर हदभित्र रहने गरी साधारण पदिक फौज सरह शान्ति सेनामा सहभागी गराइनेछ ।

(ख) ग्यारिजन सेवामा पुनः नियुक्तितर्फका अधिकृत/पदिकले पदोन्नतिको लागि गर्नुपर्ने तालिम तथा नेपाली सेनाबाट प्राप्त हुने अन्य सेवा सुविधाहरु साधारण पदिक गण सरह भए तापनि नेपाली सेनामा लामो समय सेवा (पदिक फौज सो सरह) गर्दा सेवा अवधिमा एकपटक मात्र शान्ति सेनामा सहभागी हुने अवसर पाएको हुँदा पदिक गणका अधिकृत/पदिक सरह शान्ति सेनामा सहभागी गराउने ।

(१) सम्बन्धित दर्जा अनुसारको तालिम प्राप्त र योग्य हुनुपर्ने ।

(२) सैनिक अदालतबाट दोषी नठहरिएको हुनुपर्ने ।

(३) "शान्ति सेना छनौट कार्यविधि, २०७५ को परिधिभित्र रही दोस्रो पटक शान्ति सेनाको लागि छनौट गर्न सकिने ।

(ग) शान्ति सेनामा छनौट गर्दा पुनः नियुक्ति भएका विविध सेवा (ग्यारिजन) सेवामा न्यूनतम ९ (नौ) वर्ष सेवा गरेकाहरुमध्येबाट छनौट गर्नुपर्नेछ ।

२३. <u>दोस्रो/तेस्रो पटक शान्ति सेनामा छनौट</u>

(क) झण्डा छनौट भएका गणको प्र.सु. बाहेक पदिक तथा अन्य दर्जाका सैनिक व्यक्तिहरुलाई दोस्रो पटकभन्दा बढी शान्ति सेनामा सहभागी गराइने छैन । तर विशेष ट्रेडका पदिक तथा अन्य दर्जाको हकमा आवश्यकता अनुसार मात्र तेस्रो पटकसम्म छनौट गर्न सकिनेछ।

(ख) शान्ति सेनामा खटिने गणको दरबन्दी बमोजिम साधारण पदिकहरुलाई दोस्रो पटक शान्ति सेनामा छनौट गर्नुपूर्व नेपाली सेनाका सबै युनिटहरुबाट एकपटक मात्र शान्ति सेनामा सहभागी भएका पदिकहरुको लगत संकलन गरी निजहरुको सेवा अवधि ज्येष्ठताको आधारमा श्री सैनिक संगठन निर्देशनालयले युनिटहरुलाई नफ्रि वितरण गर्नेछ ।

(ग) दोस्रो पटक शान्ति सेनामा सहभागी हुन योग्य पदिकहरुमध्ये सबैभन्दा बढी सेवा अवधि भएका पदिक कार्यरत रहेका युनिटहरुलाई तोकिएको दरबन्दीमा नबढाई साधारण, प्राविधिक तथा प्राड पदिकको संख्या वितरण गरिनेछ ।

(घ) शान्ति सेना मिशनमा खटिनको लागि नामाकरण भएका गणलाई प्र.सु. सहित ३ (तीन) पदिकको नफ्रि प्रदान गरिनेछ ।

(ङ) अन्य दर्जाको नफ्रिमा पदिकलाई छनौट गर्न पाइने छैन । तर ड्राइभिङ ट्रेडका पदिकहरु तोकिएको ड्राइभिङ परीक्षा पास भएमा अन्य दर्जा ड्राइभरको कार्य गर्ने गरी छनौट गर्न सकिनेछ ।

(च) श्री प्रबन्धरथी विभाग, श्री इन्जिनियरिङ विभाग, श्री सैनिक सामग्री उत्पादन तथा यान्त्रिक सेवा महानिर्देशनालय, श्री नं.१५ वाहिनी अड्डा र अन्तर्गतका युनिटहरुलाई प्राविधिक पदिकको छुट्टै नफ्रि वितरण गरिनेछ । यी विभाग/महानिर्देशनालय/वाहिनी अड्डाहरुको लागि साधारण पदिकको नफ्रि वितरण गरिने छैन । यदि त्यस्ता युनिटहरुमा साधारण पदिकको दरबन्दी भई सेवा अवधि ज्येष्ठ भएका पदिकहरु कार्यरत भएमा श्री सैनिक संगठन निर्देशनालयले पदिकको ज्येष्ठताको आधारमा छनौट गर्नेछ ।

(छ) अन्य दर्जा (स्टाफ हुद्दा, हुद्दा, अम., प्युठ र सिपाही) लाई शान्ति सेनामा खटिई जाने गणको दरबन्दीमा उल्लेख भए बमोजिमको दर्जा र नियुक्ति अनुसारको जिम्मेवारीमा तोकिएको मापदण्ड पुरा गरेका व्यक्तिहरुलाई शान्ति सेनाको लागि दोस्रो पटक छनौट गर्न सकिनेछ । तर शान्ति सेनामा एकपटक पनि सहभागी नभएका व्यक्तिहरुलाई प्राथामिकता दिनुपर्नेछ । यसरी दोस्रो पटक शान्ति सेनामा छनौट गर्दा कम्तीमा सेवा

अवधि २० वर्ष पुरा गरेकाहरुमध्येबाट छनौट गर्नुपर्नेछ । विशेष फौज, कम्ब्याट इन्जिनियर्स, सैनिक प्रहरीको हकमा दोस्रो पटकको लागि १८ वर्ष पुरा भएको हुनुपर्नेछ ।

(ज) सैनिक कर्मचारी र पण्डितलाई ज्येष्ठता अनुसार दोस्रो पटक शान्ति सेनाको लागि छनौट गर्न सकिनेछ । तर एकपटक पनि शान्ति सेनामा सहभागी नभएको व्यक्तिहरुलाई प्राथमिकता दिई छनौट गरिनेछ । यसरी दोस्रो पटक शान्ति सेनामा छनौट गर्दा कम्तीमा सेवा अवधि २० वर्ष पुरा गरेकाहरुमध्येबाट छनौट गर्नुपर्नेछ ।

(झ) ए.पि.सि. ड्राइभर, Piston Bully Driver र विशेष अनुभव आवश्यक पर्ने ट्रेडका सैनिक व्यक्तिहरुको अभाव भएको खण्डमा यस्ता व्यक्तिहरुलाई मिशनको आवश्यकता हेरी सम्बन्धित पतिको सिफारिसमा कार्यावधि थप गरी एक वर्षसम्म मिशनमा राख्न सकिनेछ ।

(ञ) शान्ति सेनामा जाने विशेष ट्रेडका दक्ष जनशक्ति नभएमा त्यस्ता ट्रेडमा कार्यरत व्यक्तिलाई एकभन्दा बढी पटक छनौट गर्न वाधा पर्ने छैन । तर मिशनबाट फिर्ता भएको तीन वर्ष पुरा भएको हुनुपर्नेछ ।

(ट) विभिन्न ट्रेडमा कार्य गर्ने दक्ष जनशक्तिको कमीले नेपाली सेनाबाट शान्ति सेना मिशनमा पठाउन नसकिएमा गैरसैनिक दक्ष जनशक्तिलाई सेवा करारमा लिई शान्ति सेना मिशनमा सहभागी गराउन सकिनेछ । यसरी सहभागी गराउन छनौट भएका व्यक्तिहरुको श्री रक्षा मन्त्रालयबाट अनुमोदन हुनुपर्नेछ ।

(ठ) विशेष ट्रेडमा कार्यरत रहन जाने दक्ष जनशक्तिको अभाव भएको अवस्थामा पहिला शान्ति सेनामा सहभागी भइसकेका व्यक्तिलाई पुनः छनौट गरिएको भनी सम्बन्धित युनिटको बोर्डको सिफारिस भई आएमा त्यस्ता व्यक्तिलाई तीन वा सोभन्दा बढी पटक पनि शान्ति सेनामा सरिक गराउन सकिनेछ ।

(ड) फलोअर्सको हकमा २० वर्ष सेवा अवधि पूरा भएका फलोअर्समध्येबाट ज्येष्ठताक्रम अनुसार दोहोऱ्याएर शान्ति सेना मिशनमा सहभागी गराउन सकिनेछ । तर न्यूनतम सेवा अवधि पुगी एकपटक पनि शान्ति सेनामा सहभागी हुने मौका नपाएका फलोअर्स हुँदा हुँदै दोहोऱ्याएर पठाइने छैन ।

२४. **<u>शान्ति सेना छनौटका मुल आधारहरु:</u>** पदिक तथा अन्य दर्जाका सैनिक व्यक्तिहरुलाई शान्ति सेनामा सहभागी गराउनको लागि छनौट गर्दा देहाय बमोजिमका बुँदाहरुलाई मुल आधार मानिनेछ ।

(क) **<u>ज्येष्ठता/सेवा अवधि</u>**

(१) साधारणतर्फका स्टाफ हुद्दा, हुद्दा, अमल्दार, प्युठ र सिपाही दर्जाका सैनिक व्यक्तिहरुलाई शान्ति सेनामा छनौट गर्दा कम्तीमा ११ (एघार) वर्ष सेवा अवधि पुरा गरेकाहरुमध्येको ज्येष्ठताक्रम अनुसार छनौट गरिनेछ । प्राविधिकहरु र ड्राइभरको हकमा दक्ष जनशक्तिको कमी भएको अवस्थामा कम्तीमा ६ (छ) वर्ष सेवा अवधि पुरा गरेकाहरुमध्येबाट छनौट गर्न सकिनेछ ।

(२) अन्य दर्जाका व्यक्तिहरुलाई शान्ति सेनामा सहभागी हुन छनौट गर्दा उमेरको हदबाट अवकाश पाउन लागेका सैनिक व्यक्तिलाई प्राथमिकता दिइनेछ । यसरी छनौट गर्दा सहभागी भई जाने गण/गुल्म फर्कने रोटेशनको पहिलो फ्लाइटको मितिबाट त्यस्तो व्यक्तिले अवकाश पाउन घटीमा १ (एक) महिना सेवा अवधि बाँकी रहेको हुनुपर्नेछ ।

(ख) **<u>मानव अधिकार उल्लंघनको सजाय नपाएको:</u>** मानव अधिकार उल्लंघनमा दोषी प्रमाणित भएको तथा शान्ति सेनामा भाग लिन जान नपाउने भनी सैनिक ऐन बमोजिम सजाय पाएको सैनिक व्यक्तिलाई शान्ति सेनामा सहभागी गराइने छैन ।

(ग) **<u>कार्यदक्षता/तालिम</u>**

(१) अन्तर्राष्ट्रिय स्तरको वातावरण सुहाउँदो कार्य गर्न सक्ने हुनुपर्नेछ ।

(२) पदिक तथा अन्य दर्जाको लागि गणस्तर वा सोभन्दा माथिको तालिम गरेको हुनुपर्नेछ ।

(घ) **<u>शारीरिक तन्दुरुस्ती</u>**

(१) उचाई अनुसार शारीरिक वजन अनुसूची - १ बमोजिम हुनुपर्नेछ ।

(२) कुनै रोगको कारणबाट लामो अवधिसम्म उपचार वा औषधी सेवनमा रहेका वा अपरेशन गरी उपचार गर्नुपर्ने बिरामीहरुलाई उपचारपछि स्वस्थ भएमा मात्र शान्ति सेनामा छनौट गरिनेछ । दीर्घरोगी (बिरामी) लाई शान्ति सेनामा छनौट गरिने छैन ।

(३) शान्ति सेना छनौटमा सकलदर्जाहरुको लागि चाहिने स्वास्थ्य वर्गीकरण (मेडिकल क्याटेगोरी) अनुसूची - २ मा उल्लेख गरिए बमोजिम हुनुपर्नेछ ।

(ङ) **<u>विशेष योगदान/अनुशासन</u>**

(१) कर्तव्यपालनाको सिलसिलामा घाइते भएका सैनिकलाई स्वास्थ्य परीक्षण गरी संयुक्त राष्ट्र संघको सेवामा सक्षम भन्ने देखिएमा विशेष प्राथमिकताकासाथ शान्ति सेनामा छनौट गरिनेछ ।

(२) शान्ति सेना छनौटमा सकलदर्जाहरुको लागि चाहिने योग्यता अनुसूची - ३ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

(३) मिशनमा सहभागी भएको अवस्थामा कारवाहीमा परी स्वदेश फिर्ता भएको वा भविष्यमा शान्ति सेनाको लागि अयोग्य भनी प्रतिवेदन प्राप्त भएको व्यक्तिलाई शान्ति सेनामा छनौट गरिने छैन ।

(४) विशेष योगदानको मापदण्ड निर्धारण सम्बन्धी नेपाली सेनाले निर्देशिका तयार गरी लागू गर्नेछ ।

२५. श्री सैनिक संगठन निर्देशनालयले विगत एक वर्षको विवरणलाई आधार मानी माथि उल्लिखित सम्पूर्ण नियुक्तिहरुमा कार्यरत रहन जाने पदिक, सैनिक कर्मचारी, पण्डित, फलोअर्सहरुको ज्येष्ठताक्रम अनुसारको सूची तयार गरी चैत्र मसान्तभित्र श्री शान्ति सेना सञ्चालन निर्देशनालयमा प्राप्त हुन गरी पठाउनु पर्नेछ ।

२६. श्री इन्जिनियरिङ विभाग, श्री सैनिक स्वास्थ्य महानिर्देशनालय, श्री विद्युत तथा यान्त्रिक सेवा निर्देशनालय, श्री नं.१४ वाहिनी अड्डा र श्री नं.१५ वाहिनी अड्डाले समेत विगत एक वर्षको तथ्याङ्कलाई आधार मानी आगामी एक वर्षमा शान्ति सेना मिशनमा सहभागी हुन सक्ने सकल दर्जा (अधिकृत बाहेक) को नाम हरेक वर्षको चैत्र मसान्तभित्र श्री शान्ति सेना सञ्चालन निर्देशनालयमा प्राप्त हुने गरी पठाउनु पर्नेछ ।

## परिच्छेद - ४

## युनिटको छनौट प्रक्रिया र दरबन्दी अनुसारको नफ्रि वितरण

२७. **पदिक गणको नामाकरण तथा छनौट प्रक्रिया**

(क) शान्ति सेना मिशनमा खटिई जाने गणको छनौट गर्दा देहाय बमोजिका आधारहरुमा छनौट गरिनेछ ।

(१) **ब्याट ज्येष्ठता:** शान्ति सेनामा अन्तिम पटक भाग लिएको पाँच वर्ष पुरा भएका गणहरुमध्ये ब्याट ज्येष्ठतालाई आधार मानी आवश्यकता अनुसार आगामी एक वर्षको लागि तत्काल खटिएका गणहरुको संख्या समेतलाई आधार मानी गण छनौट गरिनेछ । उक्त गणहरुलाई गणको ज्येष्ठता अनुसार क्रमिक रुपमा पहिला तैनाथ हुने मिशनहरुमा खटाइनेछ ।

(२) **गण खडा भएको ज्येष्ठता:** गण खडा भएको पाँच वर्ष पुरा भएको गणहरुमध्येबाट खडा भएको ज्येष्ठतालाई आधार मानी आवश्यकता अनुसार छनौट गरिनेछ । यसरी छनौट भएको गणलाई, ब्याट ज्येष्ठताबाट छनौट भई खटिएको मिशनभन्दा पछाडि तैनाथ हुने मिशनहरुमा क्रमशः खटाइनेछ ।

(३) **पेशागत/Operational Readiness Inspection (ORI), प्रधान सेनापति ट्रफि र प्रकृति संरक्षण प्रतियोगिता:** शान्ति सेना मिशनहरुमा खटिने गणहरुमध्ये एउटा गण वार्षिक पेशागत/ORI प्रतियोगितामा प्रथम हुनेलाई छनौट गरिनेछ । यदि वार्षिकरुपमा शान्ति सेना मिशनमा खटिने गणको संख्या पाँचभन्दा कम भएमा यो प्रावधानलाई पुनरावलोकन गरिनेछ ।

(ख) उक्त गणहरुलाई निम्न अनुसारको कोटा वितरण गरिनेछ ।

(१) पेशागत तथा ORI प्रतियोगितामा प्रथम हुने गणहरुलाई मिशनमा झण्डा लिई खटिने गण सरह कोटा वितरण हुनेछ ।

(२) यसै गरी प्रधान सेनापति ट्रफिमा प्रथम हुने गणलाई ५ (पाँच)वटा कोटा वितरण गरिनेछ । उक्त कोटामध्येबाट बढीमा १ (एक) जना पदिक छनौट गर्न सकिनेछ ।

(३) प्रकृति संरक्षण ट्रफिमा प्रथम हुने गणलाई वार्षिक रुपमा पदिक एक र अन्य दर्जा पाँच (हु. १, अम. १, प्युठ १ र सि. २) गरी जम्मा ६ (छ) जना शान्ति सेनामा सहभागी हुने नक्रि प्रदान गरिने ।

(ग) शान्ति सेनामा खटिई जाने गणहरुको नामाकरण तथा छनौटको लागि सिफारिस गर्न देहाय अनुसारको बोर्ड रहनेछ र सोही बोर्डको सिफारिसको आधारमा प्रधान सेनापतिबाट गणको छनौट हुनेछ ।

(१) श्री शान्ति सेना सञ्चालन निर्देशनालयका निर्देशक............... अध्यक्ष

(२) श्री सैनिक सचिव विभागका महा सेनानी.........................................सदस्य

(३) श्री व्यवस्था, नीति तथा योजना महानिर्देशनालय अन्तर्गत (नीति तथा योजना निर्देशनालय) का महा सेनानी......................................... सदस्य

(४) श्री सैनिक संगठन निर्देशनालयको प्रतिनिधि....................................सदस्य

(५) श्री वेतन वृत्ति तथा समारोह निर्देशनालयका महा सेनानी........ सदस्य

(६) श्री शान्ति सेना सञ्चालन निर्देशनालयका प्रमुख सेनानी................ सदस्य सचिव

**<u>द्रष्टब्यः</u>** प्राप्त कोटामा एकपटक पनि भाग नलिएका अन्य दर्जालाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ र पदिकको हकमा दोहोऱ्याउनको लागि निर्देशिका तयार गरी श्री सैनिक संगठन निर्देशनालयको स्वीकृतिमा छनौट गर्न सकिनेछ ।

२८. **<u>मिशनमा कार्यरत रहने अवधिः</u>** शान्ति सेनामा भाग लिने गणको स्थान विशेषमा कार्यावधि सामान्यतया एक वर्ष (३६५ दिन) को हुनेछ ।

२९. **<u>गुल्म तथा अन्य साना युनिटहरुको छनौट प्रक्रियाः</u>** विशेष फौज गुल्म, इन्जिनियर गुल्म, सैनिक प्रहरी युनिट, मेडिकल युनिट जस्ता गुल्म तथा अन्य साना युनिटहरुको छनौटको लागि सिफारिस गर्न देहाय अनुसारको बोर्ड रहनेछ र सोही बोर्डको सिफारिसको आधारमा प्रधान सेनापतिबाट त्यस्ता युनिटहरुको छनौट हुनेछ ।

(क) श्री शान्ति सेना सञ्चालन निर्देशनालयका निर्देशक.............................. अध्यक्ष

(ख) श्री सैनिक सचिव विभागका महा सेनानी.......................................... सदस्य

(ग) श्री नीति तथा योजना निर्देशनालयका महा सेनानी............................... सदस्य

(घ) श्री सैनिक संगठन निर्देशनालयको प्रतिनिधि....................................... सदस्य

(ङ) श्री वेतन वृत्ति तथा समारोह निर्देशनालयका महा सेनानी....................... सदस्य

(च) सम्बन्धित युनिट/सेवाका विशेषज्ञ अधिकृत प्रतिनिधि म.से./प्र.से............. सदस्य

(छ) श्री शान्ति सेना सञ्चालन निर्देशनालयका योजना शाखाका प्र.से...... सदस्य सचिव

३०. पेशागत/Operational Readiness Inspection (ORI), प्रधान सेनापति ट्रफि र प्रकृति संरक्षण प्रतियोगितामा प्रथम हुने गुल्महरुलाई निम्न अनुसार कोटा वितरण गरिनेछ ।

(क) पेशागत प्रतियोगितामा प्रथम हुने गुल्मलाई पदिक एक र अन्य दर्जा नौ (हु. १, अम. १, प्युठ २ र सि. ५) गरी जम्मा १० (दश) जना शान्ति सेनामा सहभागी हुने नफ्रि प्रदान गरिनेछ । साथै पदिक गुल्म शान्ति सेनामा तैनाथ हुने अवस्थामा वार्षिक पेशागत प्रतियोगितामा प्रथम हुने गुल्मलाई छनौट गरिनेछ ।

(ख) प्रधान सेनापति ट्रफिमा प्रथम हुने पृतना हे.क्वा./वाहिनीलाई बढीमा एकवटा कोटा र अन्य कोटा अन्तर्गतबाट छनौट गर्ने गरी जम्मा पाँचवटा कोटा वितरण गरिनेछ । उक्त कोटामध्येबाट बढीमा १ (एक) जना पदिक (अधिकतम दोहोऱ्याउने) छनौट गर्न सकिनेछ ।

(ग) ORI प्रतियोगितामा प्रथम हुने पृतना हे.क्वा.लाई २ (दुई) र वाहिनी अड्डालाई १ (एक) अन्य दर्जा कोटा वितरण गरिनेछ ।

(घ) ORI प्रतियोगितामा प्रथम हुने गुल्मलाई पदिक एक र अन्य दर्जा नौ (हु. १, अम. १, प्युठ २ र सि. ५) गरी जम्मा १० (दश) जना शान्ति सेनामा सहभागी हुने नफ्रि प्रदान गरिनेछ । साथै पदिक गुल्म शान्ति सेनामा तैनाथ हुने अवस्थामा वार्षिक ORI प्रतियोगितामा प्रथम हुने गुल्मलाई छनौट गरिनेछ ।

(ङ) प्रकृति संरक्षण ट्रफिमा प्रथम हुने गुल्मलाई अन्य दर्जा ३ (तीन) जना शान्ति सेनामा सहभागी हुने नफ्रि प्रदान गरिनेछ ।

**द्रष्टब्य:** (१) प्रतियोगिताको नतिजामा आधारित कोटाहरुमा उत्कृष्ट प्रदर्शन गर्ने पदिक/बिल्लादार/अन्य दर्जा छनौट गरिनेछ ।

(२) प्राप्त कोटामा एकपटक पनि भाग नलिएका अन्य दर्जालाई ज्येष्ठताको आधार मा छनौट गर्नुपर्नेछ र पदिकको हकमा दोहोऱ्याउनको लागि स्थायी कार्यसञ्चालन विधि तयार गरी श्री सैनिक संगठन निर्देशनालयको स्वीकृतिमा छनौट गर्न सकिनेछ ।

(३) कोटामा छनौट हुने सकलदर्जा अनिवार्यरुपमा बि.एम.आई. तथा बि.एफ.टि. उत्तीर्ण भएको हुनुपर्नेछ ।

३१. **दरबन्दी अनुसारको नफ्रि वितरण:** शान्ति सेनामा सहभागी गराउन सकलदर्जा छनौट गर्दा नियमावली तथा यस कार्यविधि बमोजिमको योग्यता पुगेकाहरुमध्ये एकपटक पनि शान्ति सेनामा जाने अवसर नपाएका सैनिक व्यक्तिहरुलाई प्राथमिकता दिने गरी विभिन्न युनिटहरुको लागि निम्न अनुसार नफ्रि निर्धारण गरिनेछ ।

(क) <u>मिशनमा झण्डा लिई जाने गणको लागि</u>

(१) ५०० वा सोभन्दा बढी नफ्रिको गणलाई झण्डा सहित प्र.सु. १, अन्य पदिक २, कार्य/प्रबन्ध हुद्दा १, अन्य दर्जा सि. देखि हु. सम्म ३१ र पहिलो पटक सहभागी हुन जाने ज्येष्ठ फलोअर्समध्ये १ (एक) गरी जम्मा ३६ जना नफ्रि वितरण गरिनेछ । गणले उक्त व्यक्तिहरु छनौट गर्दा पदिक बाहेक अन्य दर्जाको हकमा एकपटक पनि शान्ति सेना नगएकाहरुको ज्येष्ठताको आधारमा छनौट गर्नुपर्नेछ । अन्य दर्जा ३१ (एकतीस) मध्येबाट ८१ मि.मि. अन्य दर्जा १ (एक), जि.पि.एम.जि. अन्य दर्जा १ (एक), एण्टी ट्यांक अन्य दर्जा १ (एक), विगुलर १ (एक) छनौट गरिनेछ ।

(२) ५०० जनाभन्दा कम नफ्रिको गणलाई झण्डा सहित प्र.सु. १, अन्य पदिक २, कार्य/प्रबन्ध हुद्दा १, अन्य दर्जा सि. देखि हु. सम्म २१ र पहिलो पटक सहभागी हुन जाने ज्येष्ठ फलोअर्समध्ये १ (एक) गरी जम्मा २६ जना नफ्रि वितरण गरिनेछ । गणले उक्त व्यक्तिहरु छनौट गर्दा पदिक बाहेक अन्य दर्जाको हकमा एकपटक पनि शान्ति सेना नगएकाहरुको ज्येष्ठताको आधारमा छनौट गर्नुपर्नेछ । अन्य दर्जा २६ (छब्बीस) मध्येबाट ८१ मि.मि. अन्य दर्जा १ (एक), जि.पि.एम.जि. अन्य दर्जा १ (एक), एण्टी ट्यांक अन्य दर्जा १ (एक), विगुलर १ (एक) छनौट गरिनेछ ।

(ख) नेपाली सेनाका विभिन्न अंगहरुबाट सैनिक कर्मचारी, फलोअर्स, पण्डित, प्राविधिक, इन्जिनियर, मेडिकल, सिग्नल, ड्राइभरहरु (लाइट, हेभी, ए.पि.सि. र एम.पि.भि.), सैनिक प्रहरी, आदि बाहेक प्रत्येक वर्षको चैत्र मसान्तलाई आधार मिति मानी ११ (एघार) वर्ष सेवा अवधि पुगेका तर शान्ति सेनामा सहभागी हुने मौका नपाएका अन्य दर्जाहरुको सम्पूर्ण युनिटहरुबाट भर्ना मिति सहितको नामावली संकलन गरी शान्ति सेना सञ्चालन निर्देशनालयले सोको यथार्थ विवरण श्री सैनिक अभिलेखालयमा भिडाई ज्येष्ठ व्यक्तिहरुको लगत तयार गरी कुन कुन युनिटहरुमा के कति संख्यामा छनौट गर्न सकिन्छ सोको लगत वार्षिक नफ्रि वितरण बोर्डमा प्रस्तुत गरी बोर्डबाट सदर भए पश्चात् शान्ति सेनामा सहभागी हुने नफ्रि वितरण गरिनेछ ।

(१) १ (एक) वर्षभरीमा विभिन्न मिशन (कन्टिन्जेन्ट) हरुमा खटिने साधारण नफ्रि = **A**

(२) आधार मितिभित्र नेपाली सेनामा ११ (एघार) वर्ष सेवा अवधि पुरा भएको जम्मा साधारण नफ्रि = **B**

(३) आधार मितिभित्र युनिटमा ११ (एघार) वर्ष सेवा अवधि पुरा भएको जम्मा साधारण नफ्रि = **C**

(४) युनिटले पाउने नफ्रि $= \mathbf{C} \times \frac{\mathbf{A}}{\mathbf{B}}$

**<u>स्पष्टिकरण:</u>** आधार मिति भन्नाले चैत्र मसान्तलाई बुझाउँछ । हरेक वर्ष शान्ति सेनामा पदिक तथा अन्य दर्जा सहभागी गराउनको लागि चैत्र मसान्तलाई आधार मिति मानी ज्येष्ठताक्रम अनुसारको लगत संकलन गरिनेछ ।

(ग) सेवा अवधिको ज्येष्ठताको आधारमा तुलनात्मक रुपमा शान्ति सेना नगएका व्यक्तिहरुको संख्या बढी रहेका युनिटहरुलाई शान्ति सेनामा सहभागी हुने नफ्रि वितरण गर्दा बोर्डको सिफारिसको आधारमा थप नफ्रि वितरण गरिनेछ ।

(घ) ट्रेड विशेषको हकमा मिशनमा खटिने युनिटको दरबन्दी अनुसार सम्बन्धित ट्रेडका युनिटहरुलाई नफ्रि वितरण गरिनेछ ।

(ङ) शान्ति सेना नफ्रि वितरणको लागि सिफारिस गर्न देहाय अनुसार बोर्ड रहनेछ र उक्त बोर्डको सिफारिस प्रधान सेनापतिबाट समर्थन भए पश्चात् श्री सैनिक संगठन निर्देशालय मार्फत युनिटहरुलाई दर्ज्यानी लगत खुलेको नफ्रि वितरण हुनेछ ।

(१) श्री बलाध्यक्ष रथी.......................................................... अध्यक्ष

(२) महानिर्देशक, श्री युद्धकार्य महानिर्देशालय............................... सदस्य

(३) निर्देशक, श्री नीति तथा योजना निर्देशालय............................ सदस्य

(४) निर्देशक, श्री शान्ति सेना सञ्चालन निर्देशालय....................... सदस्य

(५) सैनिक सचिव, श्री सैनिक सचिव विभाग............................... सदस्य

(६) निर्देशक, श्री सैनिक संगठन निर्देशालय................................ सदस्य

(७) निर्देशक, श्री युद्धकार्य निर्देशनालय...................................... सदस्य

(८) निर्देशक, श्री वेतन वृत्ति तथा समारोह निर्देशनालय.................. सदस्य

(९) निर्देशक, श्री आपूर्ति तथा परिवहन निर्देशनालय...................... सदस्य

(१०) वाहिनीपति, श्री नं.१४ वाहिनी अड्डा.................................... सदस्य

(११) वाहिनीपति, श्री नं.१५ वाहिनी अड्डा.................................... सदस्य

(१२) वाहिनीपति, श्री नं. १७ वाहिनी अड्डा.................................... सदस्य

(१३) वाहिनीपति, श्री विशेष फौज वाहिनी...................................... सदस्य

(१४) गणपति, श्री सैनिक प्रहरी गण............................................. सदस्य

(१५) श्री शान्ति सेना सञ्चालन निर्देशनालय योजना शाखाका प्र.से... सदस्य सचिव

## परिच्छेद - ५

## समायोजित सैनिक व्यक्ति सम्बन्धी

३२. समायोजित सैनिक व्यक्तिहरुलाई सैनिक आदेश नं.२३४६/०७२ "**समायोजित सैनिक व्यक्तिहरुको वृत्ति व्यवस्थापन कार्यविधि, २०७२**" अनुसार २०७३ सालदेखि मिशनमा जाने गरी २०७२ पुष महिनाबाट शान्ति सेनाका लागि छनौट गरिएको ।

(क) **अन्य दर्जाहरुको छनौटः** समायोजित अन्य दर्जाहरुलाई देहाय बमोजिम शान्ति सेनामा छनौट गर्ने गरिएको ।

(१) शान्ति सेनामा भाग लिन बाँकी समायोजित अन्य दर्जाको संख्याको आधारमा शान्ति सेना सञ्चालन निर्देशनालयबाट कोटा प्रदान गरिएको । यसरी कोटा प्रदान गर्दा सम्बन्धित युनिटहरुमा रहेका नियमिततर्फ न्यूनतम सेवा अवधि पुगेका तर शान्ति सेनामा भाग लिन बाँकी साधारणतर्फका अन्य दर्जाहरुलाई उनीहरुको संख्याका आधारमा शान्ति सेना छनौट कार्यविधि, २०७५ अनुसार न्यूनतम योग्यता पुगेको संख्याको आधारमा अलग कोटा प्रदान गरिनेछ ।

(२) २०७६ सालको लागि २०७५ सालमा गरिने शान्ति सेना छनौट पश्चात् समायोजित र नियमित व्यक्तिहरु शान्ति सेनामा सँगसँगै पहिलो पटकका लागि छनौट हुने अवस्था देखिएमा युनिटका लागि एकमुष्ट रुपमा निर्धारित कोटाबाट साबिक दर्जाको ज्येष्ठताक्रमबाट शान्ति सेनामा सहभागी गराइनेछ ।

(३) समायोजित अन्य दर्जाहरुलाई शान्ति सेनामा दोहोर्‍याएर सहभागी गराउने सम्बन्धमा "**शान्ति सेना छनौट कार्यविधि, २०७५**" वा नेपाली सेनामा तत्काल प्रचलित नीति अनुरुप छनौट गरिनेछ ।

(ख) **पदिकहरुको छनौटः** समायोजित पदिकहरुलाई देहाय बमोजिम शान्ति सेनाका लागि छनौट गरिनेछ ।

(१) सुबेदार र जमदार दर्जाका समायोजित पदिकहरुलाई निजहरुको सेवा अवधिका आधारमा बढी सेवा भएकाहरुमध्येबाट प्रति वर्ष १४ जना (शान्ति सेना सहभागी हुने पदिकको करिब १० प्रतिशत वा गण र गुल्म तहका शान्ति सेना युनिटहरुमा अधिकतम क्रमशः चार र एकजना) का दरले पहिलो पटकका लागि शान्ति सेनामा सहभागी गराइनेछ ।

(२) समायोजित पदिकहरुले शान्ति सेनामा भाग लिएको मिति वा डफ्फा ज्येष्ठता (Batt Seniority) का आधारमा दोहोर्‍याएर भाग लिन पाउने अवस्थामा "**शान्ति सेना छनौट कार्यविधि, २०७५**" वा नेपाली सेनामा तत्काल प्रचलित नीति अनुरुप छनौट गरिनेछ ।

(ग) **अधिकृतहरुको छनौटः** समायोजित अधिकृतहलाई देहाय बमोजिम शान्ति सेनाका लागि छनौट गरिनेछ ।

(१) सम्बन्धित दर्जामा कायमी सेवाको ज्येष्ठताक्रम र आवश्यक योग्यताका आधारमा नियमिततर्फका अधिकृतहरु सरह "**शान्ति सेना छनौट कार्यविधि, २०७५**" वा प्रचलित प्रावधान अनुरुप सैनिक पर्यवेक्षक र स्टाफ अधिकृतमा खटाइनेछ ।

(२) समायोजित सेनानी र सह सेनानी दर्जाका अधिकृतहरुलाई शान्ति सेना युनिट (कन्टिन्जेन्ट) हरुमा खटाउने सम्बन्धमा देहाय बमोजिम गरिनेछ ।

(क) नेपाली सेनामा साधारणतर्फ साविक दर्जाको ज्येष्ठताक्रमबाट छनौट गरिनेछ ।

(ख) समायोजित सेनानी १ (एक) सहित समायोजित सह सेनानीहरुलाई शान्ति सेना युनिटको कुल अधिकृत संख्याको बढीमा दश प्रतिशत वा गण तहको युनिटमा अधिकतम पाँचजना (सेनानी एक र सह सेनानी चार मात्र) र गुल्म तहको युनिटमा दुईजना (सह सेनानी मात्र) पर्ने गरी खटाइनेछ ।

(ग) उप सेनानी दर्जामा शान्ति सेना खटाउने नीति नभएकोले समायोजित उप सेनानीहरुलाई सह सेनानी दर्जामा बढुवा भएपछि नियमित सरह छनौट गरिनेछ ।

(घ) सेनानी दर्जामा दोहोऱ्याएर सहभागी गराउने सम्बन्धमा नियमिततर्फका अधिकृत सरह ज्येष्ठताक्रमबाट "शान्ति सेना छनौट कार्यविधि, २०७५" वा नेपाली सेनामा तत्काल प्रचलित नीति अनुरुप छनौट गरिनेछ ।

(घ) "**समायोजित सैनिक व्यक्तिहरुको वृत्ति व्यवस्थापन कार्यविधि, २०७२**" मा व्यवस्था गरे बमोजिम २०७५ सालमा समायोजित अन्य दर्जाहरुको शान्ति सेना छनौट प्रक्रियाका सम्बन्धमा पुनरावलोकन गरी आवश्यक संशोधन गरिनेछ ।

## परिच्छेद - ६

## विविध

३३. **उच्च स्तरीय भ्रमणः**

**(क) माननीय रक्षा मन्त्रीबाट उच्चस्तरीय भ्रमणः** शान्ति सेना कन्टिन्जेन्ट तैनाथ रहेको मिशनहरुको अनुगमन एवं निरीक्षण गर्न रक्षा मन्त्रालयका माननीय मन्त्रीको नेतृत्वमा कम्तीमा वर्षको एक पटक उच्चस्तरीय टोलीको भ्रमण हुनेछ ।

**(ख) <u>प्रधान सेनापतिको भ्रमण:</u>** शान्ति सेना कन्टिन्जेन्ट तैनाथ रहेको मिशनहरुमा प्रधान सेनापतिबाट आवश्यकता अनुसार अपरेशनल तथा बन्दोबस्ती निरीक्षणको लागि कम्तीमा ५ (पाँच) सदस्यीय उच्च स्तरीय टोलीको भ्रमण हुनेछ ।

**(ग) <u>रक्षा सचिवबाट भ्रमण:</u>** शान्ति सेना कन्टिन्जेन्ट तैनाथ रहेको मिशनहरुको अनुगमन एवं निरीक्षण गर्न रक्षा मन्त्रालयका सचिवको नेतृत्वमा कम्तीमा वर्षको एक पटक सम्बन्धित अधिकारीहरु सम्मिलित टोलीको भ्रमण हुनेछ ।

३४. **<u>अन्य भ्रमण:</u>** शान्ति सेना कन्टिन्जेन्ट (गण स्तरीय कम्तीमा ५०० नफ्रि) तैनाथ रहेको प्रत्येक मिशनमा वर्षको १ (एक) पटक मेडल परेड वा अपरेशनल तथा बन्दोबस्ती निरीक्षणको लागि पि.एस.ओज्. रथीबृन्दको नेतृत्वमा रक्षा मन्त्रालयका सम्बन्धित अधिकारीहरु सहित कम्तीमा ४ (चार) सदस्यीय टोलीको भ्रमण हुनेछ ।

३५. **<u>नेशनल सपोर्ट टिम (एन.एस.टि.):</u>** विभिन्न शान्ति सेना मिशनहरुको मर्मत सम्भार व्यवस्थालाई प्रभावकारी बनाउने उद्देश्यले मिशनमा गई खरिद तथा मर्मत सम्भार समेत गर्न सक्ने गरी अधिकार सम्पन्न टोली (National Support Team) निम्नानुसार खटाइनेछ ।

(क) श्री शान्ति सेना सञ्चालन निर्देशनालय वा श्री कल्याणकारी योजना निर्देशनालयका सह निर्देशक वा श्री युद्धकार्य महानिर्देशनालय/व्यवस्था, नीति तथा योजना महानिर्देशनालय अन्तर्गतका महा सेनानी वा सम्भार महा सेनानीको नेतृत्वमा आवश्यकता बमोजिम प्राविधिक सहित बढीमा पाँचजनाको टोली खटाइनेछ ।

(ख) रोटेशन फ्लाइटमा जाने र कमर्सियल फ्लाइटबाट स्वेदश फिर्ता हुने तथा एउटा मिशनमा वर्षको एकपटक जाने गरी कन्टिन्जेन्ट खटिएको हरेक मिशनमा अनुकुलता हेरी उपर्युक्त टोली बढीमा ३० (तीस) दिनसम्म मिशनमा रहने गरी खटाउन सकिनेछ ।

(ग) नयाँ मिशन तैनाथ हुँदा तथा चालु मिशनहरुमा समेत बस्तुस्थिति अध्ययनको लागि नियुक्ति हुने सम्भावित गणपति, अपरेशन/लजिष्टिक अधिकृत र सम्भार अधिकृतहरुलाई आवश्यकता अनुसार कमर्सियल फ्लाइटबाट पठाउन सकिनेछ ।

(घ) वर्षको १ (एक) पटक गणहरुको रोटेशनमा मिशन इलाकाको अवलोकन गर्ने उद्देश्यले बढीमा १० सदस्यीय डेलिगेशन टोली कन्टिन्जेन्ट रोटेशनको पहिलो फ्लाइटमा गई बढीमा १० दिनभित्र हुने रोटेशन फ्लाइटबाट स्वदेश फिर्ता हुनेछ । कार्यप्रगति मूल्याङ्कन गर्ने उद्देश्यले उक्त टिममा शान्ति सेना सञ्चालन निर्देशनालयबाट एक सिनियर अधिकृत समेत समावेश गरिनेछ ।

३६. **<u>साधारण कार्य गर्ने प्राविधिक छनौट सम्बन्धमा:</u>** नेपाली सेनाका कतिपय युनिटहरुमा कार्यरत प्राविधिकहरुको ट्रेड अनुसार शान्ति सेना मिशनमा कोटा प्राप्त नहुने भएको हुँदा त्यस्ता प्राविधिक हुने युनिट सव युनिटहरुले प्राप्त साधारण कोटाहरुमा प्राविधिक र साधारणतर्फका

बिल्लादार र अन्य दर्जाको एकमुष्ट ज्येष्ठता तयार गरी नियमानुसारको छनौट बोर्डले साधारण कार्य गर्ने गरी ज्येष्ठता अनुसार छनौट गर्न सकिनेछ ।

३७. **नयाँ मिशनमा तैनाथी:** संयुक्त राष्ट्र संघबाट कुनै राष्ट्रमा शान्ति स्थापना कार्यको लागि फौज माग भई आएमा मिशनको सम्भाव्यताको विस्तृत अध्ययन गरी नेपाल सरकारको स्वीकृति पश्चात् फौज तैनाथ गरिनेछ ।

३८. **मिशनमा छनौट सम्बन्धी विशेष व्यवस्था:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि युद्ध, आन्तरिक द्वन्द्व तथा शान्ति स्थापना कार्यमा बहादुरी प्रदर्शन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलकुदमा पदक जित्ने, हिमाल आरोहण जस्ता साहसिक कार्य गर्ने, आफ्नो ज्यान जोखिममा पारी सर्वसाधारण जनता/सहकर्मीको ज्यान तथा राष्ट्रिय सम्पत्तिको रक्षा गर्ने आदि जस्ता राष्ट्र तथा नेपाली सेनाको मान, प्रतिष्ठा र गौरव बढाई प्रशंसनीय कार्य गर्ने सैनिक व्यक्तिलाई प्रधान सेनापतिले शान्ति सेना मिशनको लागि छनौट गर्न सक्नेछ ।

३९. **मिशनमा छनौट नहुने अवस्था:** देहाय बमोजिमको अवस्थामा मिशनमा छनौट गरिने छैन ।

(क) शान्ति सेना वा सैनिक पर्यवेक्षकमा छनौट हुन स्वास्थ्य परीक्षण प्रतिवेदन MEDDICCOS-G - १ र २ बाहेकको Category भएमा ।

(ख) बि.एम.आई. परीक्षण तथा बि.एफ.टि. परीक्षामा अनुत्तीर्ण भएमा ।

(ग) विभिन्न कसुरमा अनुसन्धानको क्रममा रहेका तथा सैनिक ऐन तथा प्रचलित कानून अनुसार अदालतबाट कसुरदार ठहरिई सजाय पाएका सैनिक व्यक्तिलाई सजाय भुक्तान नभएसम्म ।

(घ) शान्ति सेना मिशनमा सहभागी भएको अवस्थामा कारवाही भई स्वदेश फिर्ता भएमा वा बोर्ड अफ इन्क्वायरीले भविष्यमा शान्ति सेना मिशनमा सहभागी नगराउनको लागि लेखी पठाएमा वा प्रतिवेदन प्राप्त भएमा ।

(ङ) मानव अधिकार उल्लंघन सम्बन्धी कसुरमा कसुरदार ठहरिएमा ।

(च) आर्थिक अनियमितता, बहुविवाह गरेको, व्यक्तिगत चरित्रमा दागी (नैतिक पतन, चोरी, डकैती, ठगी, यौनदुराचार तथा यौन व्यभिचार), लागू पदार्थ दुर्व्यसनी तथा सरकारी सम्पत्तिको हिनामिना जस्ता अपराधमा सैनिक ऐन बमोजिम सजाय पाएका सैनिक व्यक्तिलाई शान्ति सेनामा छनौट गरिने छैन ।

(छ) अन्तर्राष्ट्रिय स्तरको वातावरण सुहाउँदो कार्य गर्न नसक्ने ।

(ज) सैनिक अदालतबाट दोषी ठहरिएमा, नसिहत, सचेत पत्र आदि जस्ता सजाय प्राप्त गर्नेहरुलाई गणपति/युनिट कमाण्डर/अनाश्रित गुल्मपति छनौट बोर्डमा समावेश गरिने छैन ।

४०. शान्ति सेनामा जान नपाउँ भनी निवेदन पेश गरेमा देहाय अनुसार हुनेछ ।

(क) निवेदन पेश गरेको मितिले एक वर्षसम्म कुनै पनि शान्ति सेना मिशनमा छनौट गरिने छैन ।

(ख) निवेदन दिएको एक वर्षपछि सोही वा सोही समूहको मिशनमा छनौट गरिने तर उक्त मिशन Terminate भएमा उक्त एक वर्षको अवधिपछि जुन मिशन पहिला आउँछ, सोही मिशनको लागि छनौट गरिनेछ ।

४१. **<u>एक वर्षे अवधि पुरा नहुँदै फर्केको अवस्थाको व्यवस्थापन:</u>** शान्ति सेना मिशनहरु Terminate/Draw Down भई कन्टिन्जेन्ट वा Staff मा खटिएको अवस्थामा एक वर्षे अवधि अगावै फर्कनु पर्ने अवस्थामा श्री शान्ति सेना सञ्चालन निर्देशनालयले यथार्थ अभिलेख राखी निम्नानुसार व्यवस्थापन गरिने ।

(क) **<u>पहिलो पटक खटिएको अवस्थामा</u>**

(१) <u>तीन महिनाभन्दा कम:</u> तत्काल खटिने अर्को मिशनमा खटाउन सकिने ।

(२) <u>तीन महिनादेखि छ महिनासम्म:</u> एक वर्ष पश्चात् अर्को मिशनमा खटाउन सकिने ।

(३) <u>छ महिनादेखि नौ महिनासम्म:</u> दुई वर्ष पश्चात् अर्को मिशनमा खटाउन सकिने ।

(४) <u>नौ महिनादेखि १२ महिनासम्म:</u> मिशन पुरा भएको मानिने ।

(ख) **<u>दोस्रो पटक खटिएको अवस्थामा</u>**

(१) <u>तीन महिनासम्म:</u> एक वर्ष पश्चात् अर्को मिशनमा खटाउन सकिने ।

(२) <u>तीन महिनादेखि नौ महिनासम्म:</u> दुई वर्ष पश्चात् अर्को मिशनमा खटाउन सकिने ।

(३) <u>नौ महिनादेखि १२ महिनासम्म:</u> मिशन पुरा भएको मानिने ।

(ग) **<u>परीक्षाबाट छनौट हुने सकल दर्जा</u>**

| खटिएको | परीक्षामा सहभागी हुने अवधि | कैफियत |
|---|---|---|
| पहिलो | छ महिना पश्चात् | नौ महिनाभन्दा कम समयमा फर्केमा |
| दोस्रो | एक वर्ष पश्चात् | |

(घ) **<u>विविध कारणले मिशनबाट फर्कने व्यक्तिहरुको बदली:</u>** बिरामी भई वा अनुशासन कारवाही वा मृत्यु भई वा अन्य कुनै कारणले एक वर्षे अवधिको लागि खटिएको अवस्थामा छ महिना अगावै कुनै व्यक्ति मिशनबाट फर्कने वा घट्ने अवस्था आएमा सोही दर्जा वा दक्षताको व्यक्तिलाई प्रक्रिया पुऱ्याई मिशनमा खटाउन सकिनेछ । उक्त अवस्थामा निम्नानुसारका व्यक्तिलाई मिशनमा खटाउन सकिनेछ ।

(१) विगतका मिशनहरुमा तोकिएको अवधि अगावै (खटिएको अवधिको ७५ प्रतिशत भन्दा कम अवधि) फर्केको व्यक्ति ।

(२) विविध कारणले शान्ति सेनामा तुलनात्मक रुपमा कम मौका पाएको व्यक्ति ।

(३) उमेर वा पदावधिको कारणले आगामी मिशनमा खटिन नसक्ने व्यक्ति ।

(४) सम्बन्धित युनिट/सव युनिटबाट सिफारिस भई प्रधान सेनापतिले छनौट गरेको व्यक्ति ।

(५) आर्थिक राहत प्रदान गर्न सिफारिस भई प्रधान सेनापतिबाट तोकिएको व्यक्ति ।

४२. **<u>सर्तनामाः</u>** पदावधि तथा उमेरको हदले अवकाश हुने अवस्थामा बाहेक यु.एन. मिशनबाट फर्के पश्चात् सैनिक सेवा छाड्न चाहने व्यक्तिमध्ये निवृत्तभरणको अवधि पुरा भइसकेको भए साधारणतर्फ तत्काल र ड्राइभर तथा प्राविधिकतर्फको एक वर्ष पश्चात् राजिनामा जान सक्नेछ ।

४३. **<u>कार्यविधि पुनरावलोकन तथा संशोधनः</u>** श्री रक्षा मन्त्रालयले यस कार्यविधिलाई आवश्यकता अनुसार पुनरावलोकन गरी संशोधन गर्न सक्नेछ ।

## अनुसूची - १

### दफा २४ को खण्ड (घ) (१) सँग सम्बन्धित

### उचाई अनुसार शारीरिक वजन

नेपाली सेनामा लागू भइरहेको "बि.एम.आई. मेडिकल वर्गीकरण सम्बन्धी कार्यविधि, २०७२" लाई समय सापेक्ष पुनरावलोकन गरी लागू गर्ने सम्बन्धमा मिति २०७४/०९/११ गते बसेको पि.एस.ओज्. बैठक नं.७७० को निर्णय नं. ५ बमोजिम तयार गरिएको "बि.एम.आई. स्वास्थ्य वर्गीकरण सम्बन्धी कार्यविधि, २०७२" लागू गरिएको ।

### सामान्य बि.एम.आई. सूचक तालिका

(क) **पुरुष**

| उचाई | आदर्श बि.एम.आई. | | सामान्य बि.एम.आई. | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | BMI १८.५ बमोजिम हुने न्यूनतम तौल (के.जि.) | BMI २४.९ बमोजिम हुने अधिकतम तौल (के.जि.) | १८ देखि ३० वर्ष | ३० देखि ३५ वर्ष | ३६ देखि ४० वर्ष | ४१ देखि ४५ वर्ष | ४६ देखि ५० वर्ष | ५०+ वर्ष |
| | | | अधिकतम BMI २५.२५ | अधिकतम BMI २५.५ | अधिकतम BMI २५.७५ | अधिकतम BMI २६.० | अधिकतम BMI २६.२५ | अधिकतम BMI २६.५ |
| | | | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) |
| ५'३" | ४७.३७२ | ६३.७६० | ६४.७०० | ६५.३०० | ६६.००० | ६६.६०० | ६७.३०० | ६७.९०० |
| ५'४" | ४८.८८८ | ६५.८०० | ६६.८०० | ६७.४०० | ६८.१०० | ६८.८०० | ६९.४०० | ७०.१०० |
| ५'५" | ५०.४२७ | ६७.८७२ | ६८.९०० | ६९.६०० | ७०.२०० | ७०.९०० | ७१.६०० | ७२.३०० |

| उचाई | आदर्श बि.एम.आई. | | सामान्य बि.एम.आई. | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | BMI १८.५ बमोजिम हुने न्यूनतम तौल (के.जि.) | BMI २४.९ बमोजिम हुने अधिकतम तौल (के.जि.) | १८ देखि ३० वर्ष | ३० देखि ३५ वर्ष | ३६ देखि ४० वर्ष | ४१ देखि ४५ वर्ष | ४६ देखि ५० वर्ष | ५०+ वर्ष |
| | | | अधिकतम BMI २५.२५ | अधिकतम BMI २५.५ | अधिकतम BMI २५.७५ | अधिकतम BMI २६.० | अधिकतम BMI २६.२५ | अधिकतम BMI २६.५ |
| | | | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) |
| ५'६" | ५१.९९१ | ६९.९७७ | ७१.००० | ७१.७०० | ७२.४०० | ७३.१०० | ७३.८०० | ७४.५०० |
| ५'७" | ५३.५७८ | ७२.११३ | ७३.२०० | ७३.९०० | ७४.६०० | ७५.३०० | ७६.१०० | ७६.८०० |
| ५'८" | ५५.१९० | ७४.२८२ | ७५.४०० | ७६.१०० | ७६.९०० | ७७.६०० | ७८.४०० | ७९.१०० |
| ५'९" | ५६.८२५ | ७६.४८३ | ७७.६०० | ७८.४०० | ७९.१०० | ७९.९०० | ८०.७०० | ८१.४०० |
| ५'१०" | ५८.४८४ | ७८.७१६ | ७९.९०० | ८०.७०० | ८१.५०० | ८२.२०० | ८३.००० | ८३.८०० |
| ५'११" | ६०.१६७ | ८०.९८१ | ८२.२०० | ८३.००० | ८३.८०० | ८४.६०० | ८५.४०० | ८६.२०० |
| ६' | ६१.८७३ | ८३.२७८ | ८४.५०० | ८५.३०० | ८६.२०० | ८७.००० | ८७.८०० | ८८.७०० |
| ६'१" | ६३.६०४ | ८५.६०८ | ८६.९०० | ८७.७०० | ८८.६०० | ८९.४०० | ९०.३०० | ९१.२०० |
| ६'२" | ६५.३५९ | ८७.९६९ | ८९.३०० | ९०.१०० | ९१.००० | ९१.९०० | ९२.८०० | ९३.७०० |
| ६'३" | ६७.१३७ | ९०.३६३ | ९१.७०० | ९२.६०० | ९३.५०० | ९४.४०० | ९५.३०० | ९६.२०० |
| ६'४" | ६८.९३९ | ९२.७८८ | ९४.१०० | ९५.१०० | ९६.००० | ९६.९०० | ९७.९०० | ९८.८०० |
| ६'५" | ७०.७६५ | ९५.२४६ | ९६.६०० | ९७.६०० | ९८.५०० | ९९.५०० | १००.५०० | १०१.४०० |
| ६'६" | ७२.६१५ | ९७.७३६ | ९९.२०० | १००.१०० | १०१.१०० | १०२.१०० | १०३.१०० | १०४.१०० |

| उचाई | आदर्श बि.एम.आई. | | सामान्य बि.एम.आई. | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | BMI १८.५ बमोजिम हुने न्यूनतम तौल (के.जि.) | BMI २४.९ बमोजिम हुने अधिकतम तौल (के.जि.) | १८ देखि ३० वर्ष | ३० देखि ३५ वर्ष | ३६ देखि ४० वर्ष | ४१ देखि ४५ वर्ष | ४६ देखि ५० वर्ष | ५०+ वर्ष |
| | | | अधिकतम BMI २५.२५ | अधिकतम BMI २५.५ | अधिकतम BMI २५.७५ | अधिकतम BMI २६.० | अधिकतम BMI २६.२५ | अधिकतम BMI २६.५ |
| | | | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) |
| ६'७" | ७४.४८९ | १००.२५८ | १०१.७०० | १०२.७०० | १०३.७०० | १०४.७०० | १०५.७०० | १०६.८०० |
| ६'८" | ७६.३८७ | १०२.८१३ | १०४.३०० | १०५.३०० | १०६.४०० | १०७.४०० | १०८.४०० | १०९.५०० |

**द्रष्टब्यः** इन्चलाई मिटरमा परिणत गरी बि.एम.आई. हिसाब गर्दा तौलमा फरक पर्न गएमा उमेर समूह बमोजिम सामान्य बि.एम.आई. सूचकलाई मुख्य आधार मानिनेछ ।

(ख) **महिला**

| उचाई | आदर्श बि.एम.आई. | | सामान्य बि.एम.आई. | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | BMI १८.५ बमोजिम हुने न्यूनतम तौल (के.जि.) | BMI २४.९ बमोजिम हुने अधिकतम तौल (के.जि.) | १८ देखि ३० वर्ष | ३० देखि ३५ वर्ष | ३६ देखि ४० वर्ष | ४१ देखि ४५ वर्ष | ४६ देखि ५० वर्ष | ५०+ वर्ष |
| | | | अधिकतम BMI २५.० | अधिकतम BMI २५.२५ | अधिकतम BMI २५.५ | अधिकतम BMI २५.७५ | अधिकतम BMI २६.० | अधिकतम BMI २६.२५ |
| | | | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) |
| ५' | ४२.९६८ | ५७.८३२ | ५८.१०० | ५८.७०० | ५९.३०० | ५९.९०० | ६०.४०० | ६१.००० |
| ५'१" | ४४.४१२ | ५९.७७६ | ६०.१०० | ६०.७०० | ६१.३०० | ६१.९०० | ६२.५०० | ६३.१०० |
| ५'२" | ४५.८८० | ६१.७५२ | ६२.००० | ६२.७०० | ६३.३०० | ६३.९०० | ६४.५०० | ६५.१०० |
| ५'३" | ४७.३७२ | ६३.७६० | ६४.१०० | ६४.७०० | ६५.३०० | ६६.००० | ६६.६०० | ६७.३०० |
| ५'४" | ४८.८८८ | ६५.८०० | ६६.१०० | ६६.८०० | ६७.४०० | ६८.१०० | ६८.८०० | ६९.४०० |
| ५'५" | ५०.४२७ | ६७.८७२ | ६८.२०० | ६८.९०० | ६९.६०० | ७०.२०० | ७०.९०० | ७१.६०० |
| ५'६" | ५१.९९१ | ६९.९७७ | ७०.३०० | ७१.००० | ७१.७०० | ७२.४०० | ७३.१०० | ७३.८०० |
| ५'७" | ५३.५७८ | ७२.११३ | ७२.५०० | ७३.२०० | ७३.९०० | ७४.६०० | ७५.३०० | ७६.१०० |
| ५'८" | ५५.१९० | ७४.२८२ | ७४.६०० | ७५.४०० | ७६.१०० | ७६.९०० | ७७.६०० | ७८.४०० |
| ५'९" | ५६.८२५ | ७६.४८३ | ७६.८०० | ७७.६०० | ७८.४०० | ७९.१०० | ७९.९०० | ८०.७०० |
| ५'१०" | ५८.४८४ | ७८.७१६ | ७९.१०० | ७९.९०० | ८०.७०० | ८१.५०० | ८२.२०० | ८३.००० |
| ५'११" | ६०.१६७ | ८०.९८१ | ८१.४०० | ८२.२०० | ८३.००० | ८३.८०० | ८४.६०० | ८५.४०० |

| उचाई | आदर्श बि.एम.आई. | | सामान्य बि.एम.आई. | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | BMI १८.५ बमोजिम हुने न्यूनतम तौल (के.जि.) | BMI २४.९ बमोजिम हुने अधिकतम तौल (के.जि.) | १८ देखि ३० वर्ष | ३० देखि ३५ वर्ष | ३६ देखि ४० वर्ष | ४१ देखि ४५ वर्ष | ४६ देखि ५० वर्ष | ५०+ वर्ष |
| | | | अधिकतम BMI २५.० | अधिकतम BMI २५.२५ | अधिकतम BMI २५.५ | अधिकतम BMI २५.७५ | अधिकतम BMI २६.० | अधिकतम BMI २६.२५ |
| | | | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) | अधिकतम तौल (के.जि.) |
| ६' | ६१.८७३ | ८३.२७८ | ८३.७०० | ८४.५०० | ८५.३०० | ८६.२०० | ८७.००० | ८७.८०० |
| ६'१" | ६३.६०४ | ८५.६०८ | ८६.००० | ८६.९०० | ८७.७०० | ८८.६०० | ८९.४०० | ९०.३०० |
| ६'२" | ६५.३५९ | ८७.९६९ | ८८.४०० | ८९.३०० | ९०.१०० | ९१.००० | ९१.९०० | ९२.८०० |
| ६'३" | ६७.१३७ | ९०.३६३ | ९०.८०० | ९१.७०० | ९२.६०० | ९३.५०० | ९४.४०० | ९५.३०० |
| ६'४" | ६८.९३९ | ९२.७८८ | ९३.२०० | ९४.१०० | ९५.१०० | ९६.००० | ९६.९०० | ९७.९०० |
| ६'५" | ७०.७६५ | ९५.२४६ | ९५.७०० | ९६.६०० | ९७.६०० | ९८.५०० | ९९.५०० | १००.५०० |
| ६'६" | ७२.६१५ | ९७.७३६ | ९८.२०० | ९९.२०० | १००.१०० | १०१.१०० | १०२.१०० | १०३.१०० |
| ६'७" | ७४.४८९ | १००.२५८ | १००.७०० | १०१.७०० | १०२.७०० | १०३.७०० | १०४.७०० | १०५.७०० |
| ६'८" | ७६.३८७ | १०२.८१३ | १०३.३०० | १०४.३०० | १०५.३०० | १०६.४०० | १०७.४०० | १०८.४०० |

**द्रष्टव्य:** इन्चलाई मिटरमा परिणत गरी बि.एम.आई. हिसाब गर्दा तौलमा फरक पर्न गएमा उमेर समूह बमोजिम सामान्य बि.एम.आई. सूचकलाई मुख्य आधार मानिनेछ ।

## अनुसूची - २

## दफा २४ को खण्ड (घ) (३) सँग सम्बन्धित

## मेडिकल क्याटेगोरी (MEDDICCOS-G)

Category-१ — Fit for all duties anywhere in the world.

*सम्पूर्ण स्वास्थ्य, स्वास्थ्य सम्बन्धी कुनै रोग नभएको र विश्वको कुनै पनि स्थानमा खटाइएमा काम गर्न सक्ने । पदोन्नति, कमाण्ड तथा विदेश तालिम, मिशन, सेमिनार, गोष्ठीमा भाग लिन सक्ने ।*

Category-२ — Fit for all duties anywhere; under medical observation. Having some medical problem which is well controlled on medical treatment.

*उपचारबाट स्वस्थ हुने साधारण समस्या भएको । कुनै शारीरिक अङ्गहरुमा असर नपरेको । उपचारबाट स्वस्थ हुने साधारण स्वास्थ्य समस्या भएको । पदोन्नति, कमाण्ड तथा विदेश तालिम, मिशन, सेमिनार र गोष्ठीमा भाग लिन सक्ने ।*

Category-३ — Fit for all duties but some may have limitation regarding duties which involve severe physical and mental stress and which require perfect acuity of vision and hearing.

*पूर्ण स्वस्थ नभए तापनि उपचारपछि स्वस्थ हुन सक्ने । परिश्रमपरक कार्य तथा सैनिक कारवाहीका लागि अयोग्य, आन्तरिक र वाह्य सैनिक तालिमको लागि अयोग्य तर सामान्य अवस्थामा आफ्नो दायित्व सफलतापूर्वक निर्वाह गर्न सक्ने । पदोन्नति, कमाण्ड तथा विदेश तालिम, यु.एन. मिशन, सेमिनार, गोष्ठीमा भाग लिनको लागि (अ) अयोग्य ।*

Category-४ — Except psychiatry factor, fit for routine or sedentary duties but have limitation of employablility, both, job wise and terrain wise.

*स्वास्थ्यमा असाधारण असर परी सैनिक सेवाको लागि उपचार पश्चात् पनि पदोन्नतिको लागि योग्य हुन नसक्ने । Category-३ मा उल्लेख भए अनुसार पदोन्नति हुन नसक्ने । कमाण्ड, विदेश तालिम, शान्ति सेना, यु.एन. मिशन आदि स्थानमा भाग लिन नसक्ने ।*

Category-५ — Temporarily unfit for military duties on account of hospitalization/sick leave/obesity.

*केही समयको लागि अस्थायी क्याटेगोरीमा रहने र वर्गीकरण वा पुनः वर्गीकरण मेडिकल बोर्डले क्याटेगोरी निर्धारण गर्नुपर्ने ।*

Category-६ — Permanent unfit for military duties.

*मेडिकल बोर्डबाट सैनिक सेवाको लागि अयोग्य ठहर भई सैनिक सेवाबाट अवकाश पाउने ।*

# अनुसूची - ३

## दफा २४ को खण्ड (ङ) (३) सँग सम्बन्धित

## सकल दर्जाको लागि चाहिने योग्यता

| क्र.सं. | सेवाको किसिम | दर्जा | न्यूनतम कुल नोकरी वर्ष | अधिकतम उमेर वर्ष | शारीरिक परीक्षण प्रतिवेदन | छनौट सन्दर्भमा हुने बि.पि.ई.टि. | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | साधारण | फलोअर्स | ९ | ५३ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २ | साधारण | सि. | ९ | ४४ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ३ | साधारण | प्युठ | ९ | ४५ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ४ | साधारण | अम. | ९ | ४६ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ५ | साधारण | हुद्दा समूह | ९ | ४७ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ६ | साधारण | जम. समूह | ९ | ४८ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ७ | साधारण | सु. समूह | ९ | ४९ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ८ | साधारण | प्र.सु. | ९ | ५० | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ९ | Eng p1 | सि. | ९ | | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| १० | Eng p1 | प्युठ | ९ | | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ११ | Eng p1 | अम. | ९ | ४४ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| १२ | Eng p1 | हुद्दा | ९ | ४५ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| १३ | Eng p1 | जम. | ९ | ४८ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | Eng p1 | सु. | ९ | ४९ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| १५ | Sig p1 | सि. | ९ | ४४ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| १६ | Sig p1 | प्युठ | ९ | ४५ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| १७ | Sig p1 | अम. | ९ | ४६ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| १८ | Sig p1 | हु. | ९ | ४७ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| १९ | Sig p1 | जम. | ९ | ४८ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २० | Sig p1 | सु. | ९ | ४९ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २१ | GPMG P1 | सि. | ९ | ४४ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २२ | GPMG P1 | प्युठ | ९ | ४५ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २३ | GPMG P1 | अम. | ९ | ४६ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २४ | GPMG P1 | हु. | ९ | ४७ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २५ | GPMG P1 | जम. | ९ | ४९ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २६ | GPMG P1 | सु. | ९ | ४८ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २७ | ८1 MMP1 | सि. | ९ | ४४ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २८ | ८1 MMP1 | प्युठ | ९ | ४५ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| २९ | ८1 MMP1 | अम. | ९ | ४६ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ३० | ८1 MMP1 | हु. | ९ | ४७ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | ८1 MMP1 | जम. | ९ | ४८ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ३२ | ८1 MMP1 | सु. | ९ | ४९ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ३३ | Maint P1 | प्रा.अम. | ९ | ४६ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ३४ | Maint P1 | प्रा.हु. | ९ | ४७ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ३५ | Maint P1 | प्रा.जम. | ९ | ४८ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ३६ | Maint P1 | प्रा.सु. | ९ | ४९ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ३७ | MT P1 | सि. | ९ | ४४ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ३८ | MT P1 | प्युठ | ९ | ४५ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ३९ | MT P1 | अम. | ९ | ४६ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ४० | MT P1 | हु. | ९ | ४७ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ४१ | MT P1 | जम. | ९ | ४८ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ४२ | MT P1 | सु. | ९ | ४५ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ४३ | Medical P1 | सि. | ९ | ४६ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ४४ | Medical P1 | प्युठ | ९ | ४७ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ४५ | Medical P1 | प्रा.अम. | ९ | ४८ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ४६ | Medical P1 | प्रा.हु. | ९ | ४७ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ४७ | Medical P1 | प्रा.जम. | ९ | ४८ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४८ | Medical P1 | प्रा.सु. | ९ | ४९ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |
| ४९ | ग्यारिजन सेवा | सबै सेवा | ९ | ५३ | अनुसूची - २ अनुसार | उत्तीर्ण | |

***द्रष्टब्य:*** *सैनिक सेवा नियमावली, २०६९ को अनुसूची - ६ मा उल्लेख भएको सम्बन्धित दर्जाले गर्नुपर्ने तालिम गरेको हुनुपर्ने ।*